# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, ज्येष्ठ ५ गते, २०७७ साल (अतिरिक्ताङ्क ३

## भाग २

### प्रदेश सरकार

## प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम **"सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७"** रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"अनुमतीपत्र"** भन्नाले परियोजना कार्यान्वयन गर्न सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ३० र नियम २७ बमोजिम सार्वजनिक निजी वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सार्वजनिक निजी सहकारी साझेदारीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ।

(ख) **"एकल बिन्दु सेवा केन्द्र"** भन्नाले नियम ४४ बमोजिमको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ ।

(ग) **"ऐन"** भन्नाले सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ सम्झनु पर्छ।

(घ) **"कार्यालय"** भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा १३ बमोजिमको कार्यालय सम्झनु पर्छ ।

(ङ) **"परिवार"** भन्नाले एकासगोलमा बसेका पति, पत्नी, छोरा, छोरा-बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, आमा, बुवा, दाजु, भाउजू, भाइ, भाइ-बुहारी, दिदी, बहिनी, बाजे, बज्यै, नाति, नातिनी सम्झनु पर्छ।

(च) **"प्रचलित कानून"** भन्नाले नेपाल सरकार वा प्रादेश सरकारले जारी गरेको कानून सम्झनु पर्छ ।

(छ) **"पूर्वाधार संरचना"** भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, नहर, जलाशय, बाँध, ढल, केबुलकार, रेल्वे, ट्रामवे, मेट्रो रेल, मोनो रेल, स्काइ रेल, ट्रलीबस, बस र्‍यापिड ट्रान्जिट, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनी स्थल, विमानस्थल, अस्पताल, शीतभण्डार, गोदामघर, सार्वजनिक सभागृह, रङ्गशाला, जल विद्युतीय, जैविक, वायू, सौर्य लगायतका नवीकरणीय, तापीय तथा भूतापीय उर्जाको उत्पादन, प्रसारण तथा वितरण, प्रदर्शनी स्थल, मनोरञ्जन पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्रसँग सम्वन्धित पूर्वाधार संरचना सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउँछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ज) **"लगानीकर्ता"** भन्नाले ऐन तथा यस नियम बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ ।

(झ) **"लगानी प्राधिकरण"** भन्नाले सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ४ बमोजिम गठित लगानी प्राधिकरणलाई सम्झनु पर्छ ।

(ञ) **"सर्वेक्षण"** भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ट) **"सम्झौता"** भन्नाले नियम ३३ को उपनियम (५) बमोजिम लगानी प्राधिकरण र लगानीकर्ता वीच भएको सम्झौता सम्झनु पर्छ ।

(ठ) **"सम्बन्धित निकाय"** भन्नाले प्रदेश सरकारका मन्त्रालय वा मन्त्रालय मातहतका निकाय सम्झनु पर्छ र सो शब्दले संघीय सरकारका निकाय तथा स्थानीय तह समेतलाई जनाउछ ।

(ड) **"सार्वजनिक निजी सहकारी साझेदारी"** भन्नाले सम्बन्धित सार्वजनिक निकाय, लगानी कर्ता र सहकारी बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ३१ को उपदफा (१) मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

## परिच्छेद-२

## प्राधिकरणका सदस्य र कार्यालय सम्बन्धी व्यवस्था

३. **लगानी प्राधिकरणका सदस्यको सेवा सुविधा र अन्य व्यवस्थाः** (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ज) वमोजिम मनोनित सदस्यहरु प्राधिकरणको वैठकमा उपस्थिति भई छलफलमा भाग लिन र निर्णयमा सहभागी हुन पाउने अधिकार हुनेछ ।

(२) ऐनको दफा ६ को उपदफा (५) को प्रयोजनका लागि लगानी प्राधिकरणको वैठकमा उपस्थित भएको दिनको प्रचलित कानून बमोजिम प्रदेश सरकारको सचिवले बैठकमा प्राप्त गर्ने रकम बराबरको भत्ता लगानी प्राधिकरणले उपलब्ध गराउने छ।

(३) ऐनको दफा ६ को उपदफा (५) को प्रयोजनका लागि कुनै सदस्य वा आमन्त्रित बिज्ञ अन्य ठाउँ वा क्षेत्रबाट लगानी प्राधिकरणको वैठकमा उपस्थित हुनु पर्ने भएमा त्यस्तो ठाउँबाट प्राधिकरणको कार्यालयमा आउन जान लाग्ने टिकट बमोजिमको हवाई शुल्क वा यातायात खर्च वा बिल वमोजिमको इन्धन खर्च तथा दैनिक भ्रमण भत्ता प्रचलित कानून वमोजिम प्राधिकरणले उपलब्ध गराउनेछ।

(४) अन्य सुविधाको हकमा ऐन र यस नियम तथा प्रचलित कानून वमोजिम प्राधिकरणले तोके अनुसार हुनेछ ।

४. **प्राधिकरणको कार्यालय तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्राधिकरणको कार्यालय प्रदेश नं. १ भित्र रहनेछ र प्राधिकरणले आफ्नो क्षेत्रभित्रका जिल्लामा आवश्यकता अनुसार कुनै निकायलाई प्रतिनिधि कार्यालय तोकी सम्पर्क कार्यालय स्थापित गर्न सक्नेछ।

(२) लगानी प्राधिकरणको कार्यालयमा सार्वजनिक निजी साझेदारी, लगानी, प्राबिधिक वा सार्वजनिक निजी सहकारी प्रशासनिक, मूल्याङ्कन, एकल विन्दु सेवा तथा आवश्यकता अनुसार अन्य शाखा वा एकाई रहने गरी प्राधिकरणको संगठनात्मक संरचना तथा कर्मचारी दरबन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपनियम (२) वमोजिम लगानी प्राधिकरणको संगठनात्मक संरचना तथा दरबन्दी प्रदेश सरकारबाट स्वीकृत भएपछि प्रचलित कानून वमोजिम कर्मचारी पदपूर्ति गरिनेछ ।

(४) उपनियम (२) बमोजिम रहने शाखा तथा एकाईमा स्थायी, सेवा करारका अतिरीक्त बिज्ञ कर्मचारी रहन सक्नेछन् ।

(५) लगानी प्राधिकरणको कर्मचारीको स्थायी पदपूर्ति गर्नुपर्दा त्यस्तो पदपूर्ति गर्नुपर्ने कर्मचारीको संख्या, तह, योग्यता समेतको विवरण खोली प्रदेश लोक सेवा आयोगमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत् माग गर्नु पर्नेछ र परामर्शदाता वा विज्ञ नियुक्तिका सम्वन्धमा प्रचलित कानून बमोजिम कार्यालयले नियुक्त गर्न सक्नेछ ।

५. **<u>स्वघोषणा गर्नु पर्ने</u>:** (१) ऐनको दफा ४ को उपदफा (१) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यले प्राधिकरणको पहिलो बैठकमा भाग लिनु अघि देहायका विवरण सहितको स्वघोषणा गरी लगानी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछः

(क) लगानी प्राधिकरणसँग सम्वन्धित कुनै ठेक्का पट्टा वा सार्वजनिक खरिदमा निज वा निजको परिवारको कुनै सदस्य पक्ष संलग्न नहुने प्रतिवद्धता,

(ख) ऐन बमोजिम कार्यान्वयन हुने परियोजनाको लगानीमा निज वा निजको परिवारको कुनै सदस्यको हिस्सा वा शेयर नरहेको र पदमा वहाल रहुन्जेल संलग्न नरहने प्रतिवद्धता ।

(२) उपनियम (१) बमोजिम सदस्यले स्वघोषणा गरेको विषयमा कुनै परिवर्तन गर्नु परेमा सम्बन्धित सदस्यले लगानी प्राधिकरणलाई सोको जानकारी गराई लगानी प्राधिकरणको निर्णय वमोजिम आवश्यक कार्य गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

६. **बैठकमा भाग लिन नहुने:** लगानी प्राधिकरणको बैठकको कार्यसूचीमा समावेश भएको कुनै विषयमा कुनै सदस्य वा अन्य कुनै प्रतिनिधिको निजी स्वार्थ रहेको भएमा सम्बन्धित सदस्य वा अन्य प्रतिनिधिले त्यस्तो बैठकमा भाग लिन हुँदैन ।

**स्पष्टीकरण:** यस नियमको प्रयोजनका लागि "निजी स्वार्थ" भन्नाले कुनै सदस्य वा निजको परिवारको सदस्यको कुनै किसिमको हक, हित, स्वार्थ वा सरोकार रहेको देहायका विषय सम्झनु पर्छः

(क) परियोजना वा लगानीकर्ता छनौट सम्बन्धी विषय,

(ख) लगानीको अनुमतिपत्र दिने विषय,

(ग) लगानीको अनुमतिपत्र रद्द गर्ने विषय,

(घ) परियोजना कार्यान्वयनको अनुगमन सम्बन्धी विषय,

(ङ) परियोजना हस्तान्तरण वा हस्तान्तरण भएको परियोजनाको सञ्चालन सम्बन्धी विषय ।

७. **गोपनीयता कायम राख्नु पर्ने:** लगानी प्राधिकरणको अध्यक्ष, सदस्य, सदस्य सचिव वा कार्यालयको कर्मचारीले पदीय हैसियतमा काम गर्दा निजको जानकारीमा आएको प्रचलित कानून बमोजिम कुनै गोप्य राख्नु पर्ने सूचना अनधिकृत व्यक्तिलाई उपलब्ध गराउन, सोको स्रोत खोल्न वा त्यस्तो सूचना निज वा निजको परिवारको कुनै सदस्यको लाभ, हित वा फाइदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन वा कुनै पनि प्रकारले ऐन वा यो नियम वा प्रचलित कानून विपरित सुचना प्रवाह गर्नु वा गराउनु हुँदैन ।

८. **लगानी प्राधिकरणको अन्य काम, कर्तव्य र अधिकार:** (१) ऐनको दफा १२ को खण्ड (व) वमोजिम प्राधिकरणका अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(क) समझदारी पत्र वा सम्झौता गरी परियोजनासँग सम्वन्धित निकाय मार्फत् परियोजना कार्यान्वयनका लागी पठाउने,

(ख) लगानी प्रवर्द्धन, लगानी स्वीकृति तथा परियोजना कार्यान्वयन वा अन्य यस्तै प्रकारका कार्य गर्न लगानी वोर्डसँग समझदारी वा सम्झौता गर्ने,

(ग) प्रदेश भित्रका स्थानीय तहसँग समन्वय कायम गर्दै लगानी प्रवर्द्धन गर्न लगानी सम्मेलन, गोष्ठी, कार्यशाला आयोजना गर्ने र त्यस्ता सम्मेलन, गोष्ठी, कार्यशालाबाट पहिचान गरिएका आयोजना परियोजनाको विकास प्रवर्द्धन तथा निर्माणका लागि लगानीकर्ताबाट आशयपत्र वा प्रस्ताव आव्हान गर्न प्रस्तुतीकरण (Show Case) गर्ने,

(घ) लगानी प्रवर्द्धनका लागि संघीय सरकारसँग तथा प्रदेशस्तरीय निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) परियोजना कार्यान्वयनका लागि आवश्यक मेसिन, उपकरण, औजार वा अन्य सामग्रीको पैठारी गर्न सहजीकरण गर्ने,

(च) परियोजनाबाट उत्पादित वस्तु वा सेवा निकासीका लागि सम्वन्धित निकायसँग आवश्यक सहजीकरण गर्ने।

(छ) संघीय सरकारको सहमतीमा बैदेशिक लगानी प्रवर्द्धन सम्वन्धि आवश्यकता अनुसारका कार्यक्रम स्वदेश वा विदेशमा सञ्चालन गर्ने ।

(२) लगानी प्राधिकरणले सम्वन्धित निकायसँग समन्वय गर्नु पर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय मार्फत् गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

९. **<u>कार्यसम्पादन करार गर्नु पर्नेः</u>** (१) ऐनको दफा ९ को उपदफा (२) बमोजिम प्रमुख कार्यकारी निर्देशकको पदमा नियुक्त भएको व्यक्तिले नियुक्त भएको तीस दिनभित्र प्रमुख सचिवसँग बार्षिक कार्यसम्पादन करार (परफर्मेन्स कन्ट्र्याक्ट) गर्नु पर्नेछ । तर यो नियमावली लागु हुनुभन्दा अगावै प्रमुख कार्यकारी निर्देशकको नियुक्ती भएको अवस्थामा यो नियमावली लागु भएको पन्ध्र दिनभित्र कार्यसम्पादन करार (परफर्मेन्स कन्ट्र्याक्ट) गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने कार्य सम्पादन करार (परफर्मेन्स कन्ट्र्याक्ट) मा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः

(क) लगानी प्राधिकरणका लक्ष्य र उद्देश्य,

(ख) प्रदेश सरकार सम्वद्ध नीति तथा कार्यक्रम, बजेट, रणनीतिक योजना,

(ग) लगानी प्राधिकरणले गरेका निर्णयको कार्यान्वयन,

(घ) प्रमुख कार्यकारी निर्देशकले सम्पादन गर्नु पर्ने कार्यको विवरण तथा निजको जिम्मेवारी,

(ङ) निजले पेश गरेको प्रस्तावमा उल्लिखित व्यवसायिक कार्यक्रम, योजना, रणनीति, कार्ययोजना र सोको कार्यान्वयनको खाका तथा समय सीमा,

(च) कार्य सम्पादनको मापन गर्न सकिने गरी तयार गरिएको सूचक वा उपलब्धिको परिमाण,

(छ) कार्य सम्पादनको गुणस्तर,

(ज) अन्य आवश्यक विषयहरु।

(३) उपनियम (१) बमोजिम हुने कार्यसम्पादन करारमा उल्लिखित समय सीमाभित्र कार्यसम्पादनका सूचाङ्क वा उपलब्धि हासिल भएको वा देखिने गरी प्रमुख कार्यकारी निर्देशकले कार्यसम्पादन गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(४) उपनियम (१) बमोजिम भएको कार्यसम्पादन करार बमोजिम प्रमुख कार्यकारी निर्देशकबाट सम्पादन भएको कामको परिणाम र उपलब्धि वा त्यसको गुणस्तर, कार्यसम्पादन करारमा उल्लिखित समय सीमा वा स्तर बमोजिम भए वा नभएको सम्बन्धमा प्रमुख सचिव मार्फत् अध्यक्षले प्रत्येक वर्ष मूल्याङ्कन गर्न लगाउने छ ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा प्रमुख सचिवले प्रमुख कार्यकारी निर्देशकसँग कार्यसम्पादनको परिमाण र त्यसको गुणस्तरका सम्बन्धमा आवश्यक जानकारी लिन सक्नेछ ।

(६) उपनियम (४) बमोजिम प्रमुख कार्यकारी निर्देशकबाट सम्पादन भएको कामको मूल्याङ्कन गर्दा निजले कार्यसम्पादन करारमा तोकिएका सूचाङ्क बमोजिमको समय सीमाभित्र वा त्यस्तो करार बमोजिमको परिमाण र गुणस्तर अनुरुपको कार्यसम्पादन गरेको नदेखिएमा निजले कार्यसम्पादन करार बमोजिम कार्यसम्पादन गरेको मानिने छैन ।

(७) उपनियम (४) बमोजिम भएको मूल्याङ्कनका आधारमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतालीस दिनभित्र वार्षिक कार्यसम्पादन करार गरिनेछ ।

(८) कार्यसम्पादन करार सम्वन्धी ढाँचा अनुसूची–१ बमोजिमको हुनेछ ।

## परिच्छेद-३

## सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजना सम्बन्धी व्यवस्था

१०. **परियोजनाको अद्यावधिक विवरण राख्नु पर्ने:** (१) सम्बन्धित निकायले एक करोड रुपैयाँ भन्दामाथि दश करोड रुपैयाँसम्म लगानी हुने वा पाँच मेगावाट भन्दाबढी दश मेगावाटसम्म क्षमता भएका विद्युत आयोजना सार्वजनिक-निजी तथा सार्वजनिक निजी सहकारीको साझेदारीमा कार्यान्वयन गरिने परियोजना र सो सम्बन्धी विवरण

कार्यालयमा पठाउनु पर्नेछ र सोको विवरण कार्यालयले अद्यावधिक गरी राखु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परियोजनाको विवरण अद्यावधिक गर्दा कार्यालयले ऐनको दफा १८ बमोजिम लगानीका क्षेत्र समेतका आधारमा परियोजनाको प्राथमिकताक्रम तोक्नु पर्नेछ र त्यसरी प्राथमिकताक्रम तोकिएका परियोजना आवश्यक कारवाहीका लागि लगानी प्राधिकरणमा पठाउनु पर्नेछ ।

११. <u>परियोजना कार्यान्वयन सम्वन्धी व्यवस्था:</u> (१) ऐनको दफा १८ को उपदफा (१) मा उल्लेखित एक करोड रुपैयाँ भन्दाबढी दश करोड रुपैयाँसम्म लगानी हुने वा पाँच मेगावाट भन्दाबढी दश मेगावाटसम्म क्षमता भएका विद्युत परियोजनाको सम्भाव्यता अध्ययन वा सर्भेक्षण गराउने प्रस्ताव आव्हान गर्ने आशय पत्र जारी गर्न, आशय पत्र स्वीकृत गरी अन्तिम अनुमती प्रदान गर्न र कार्यान्वयन गर्न सम्वन्धित निकायमा लगानी प्राधिकरणले पठाउने छ ।

(२) दश करोड रुपैयाँ भन्दा माथिका वा दश मेगावाट भन्दाबढी क्षमताका विद्युत आयोजना ऐनको दफा १८ को उपदफा (१) मा उल्लेखित परियोजनाको छनौट, सम्भाव्यता अध्ययन, सर्भेक्षण, अनुमती स्वीकृति र कार्यान्वयन गर्ने अधिकार लगानी प्राधिकरणको हुनेछ ।

१२. <u>परियोजना पहिचान तथा प्रकाशन:</u> (१) ऐनको दफा १८ को उपदफा (१) र नियम ११ बमोजिम लगानीका क्षेत्र र लगानी हुने रकम समेतको लगानी प्राधिकरणले सार्वजनिक निजी वा सार्वजनिक निजी सहकारीको साझेदारीमा कार्यान्वयन गरिने परियोजनाको पहिचान गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम परियोजना पहिचान गर्दा परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्नु वा गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन गर्दा वा गराउँदा देहायका विवरण सहितको प्रतिवेदन तयार गर्नु पर्नेछः

(क) परियोजनाको नाम,

(ख) संघीय सरकार तथा प्रदेश सरकारको स्वीकृत नीति, आवधिक योजना, वार्षिक कार्यक्रम तथा सम्बन्धित निकायका वार्षिक कार्यक्रम एवं प्राथमिकतामा परियोजना परेको विवरण,

(ग) ऐनको दफा ३१ बमोजिम परियोजना कार्यान्वयन गर्ने प्रकृया र सोको आधार,

(घ) परियोजना कार्यान्वयनको कार्यतालिका,

(ङ) परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुन सक्ने भए सोको आधार,

(च) परियोजनाको अनुमानित लागत,

(छ) परियोजनाको सर्वेक्षण भई कार्यान्वयन चरणमा रहेको र कुनै कारणले कार्य सम्पन्न हुन नसकेको भए सोको यथार्थ विवरण र अवस्था,

(ज) आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव सम्बन्धी मूल्याङ्कन प्रतिवेदन,

(झ) प्राधिकरणले तोकेको अन्य आवश्यक विवरण ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनका आधारमा लगानी प्राधिकरणले प्रतिस्पर्धात्मक वा प्राथमिकताको क्षेत्र छनौट गरी परियोजनाको सूची तयार गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको सूची अनुसार परियोजना लगानीकर्तालाई लगानीका लागि प्राधिकरणले प्रस्ताव आव्हान गर्नु पर्नेछ।

१३. <u>आशयपत्र आह्वान गर्नेः</u> (१) ऐनको दफा २२ को प्रयोजनका लागि लगानी प्राधिकरणले परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

कार्यान्वयन गर्न ईच्छुक लगानीकर्तालाई कम्तीमा तीस दिनभित्र आशयपत्र र सो सँग सम्बन्धित कागजात पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ र त्यस्तो सूचना लगानी प्राधिकरणको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आशयपत्र आह्वान सम्बन्धी सूचनामा ऐनको दफा २२ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरण खुलाउनु पर्नेछः

(क) परियोजनाको पुर्वसम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, सर्वेक्षण वा विस्तृत डिजाइन भएको भए सोको संक्षिप्त विवरण,

(ख) सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रूपमा परियोजना सम्भाव्य हुन सक्ने आधार,

(ग) परियोजना कार्यान्वयन गर्दा कुनै सुविधा वा सहुलियत दिन सकिने भए सोको विवरण,

(घ) परियोजना कार्यान्वयनको तरिका,

(ङ) आशयपत्र खोलिने मिति र स्थान,

(च) आशयपत्र छनौट हुने आधार,

(छ) विद्युतीय माध्यमबाट पेश गर्न सक्ने कागजात वा विवरण,

(ज) परियोजनाको प्रकृति अनुसार अन्य आवश्यक विवरण ।

(३) उपनियम बमोजिमको सूचनाको म्याद परियोजनाको (१) प्रकृति अनुसार थप गर्न सकिनेछ ।

१४. **परियोजना प्रस्तुतीकरण गरी आशयपत्र वा प्रस्ताव माग गर्न सकिनेः** (१) नियम १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी प्रवर्द्धन गर्ने सम्मेलनमा परियोजना प्रस्तुतीकरण (Show Case) गरी आशयपत्र वा प्रस्ताव माग गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(२) उपनियम (१) बमोजिम प्रस्तुतीकरण गर्दा नियम १२ को उपनियम (३) बमोजिमको विवरण लगानीकर्तालाई उपलब्ध गराइनेछ ।

(३) उपनियम (१) बमोजिम आशयपत्र वा प्रस्ताव माग गरी परियोजना छनौट गर्ने सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले निर्धारण गरे बमोजिम हुनेछ।

१५. <u>सार्वजनिक निजी साझेदारी सम्वन्धि परियोजनाको कार्यान्वयन:</u> (१) ऐनको दफा १९ को उपदफा (२) बमोजिम एक करोड रुपैयाँसम्म लगानी हुने परियोजना वा पाँच मेगावाट भन्दा कम क्षमताका विद्युत परियोजनाको सार्वजनिक निजी साझेदारी वा सार्वजनिक निजी साझेदारी सहकारीको साझेदारीमा सञ्चालन गरिने परियोजनाको सञ्चालन सम्वन्धी सम्पूर्ण कार्य सम्वन्धित निकायले गर्नेछ ।

(२) एक करोड रुपैयाँ भन्दामाथि दश करोड रुपैयाँसम्म लगानी हुने वा पाँच मेगावाट भन्दाबढी दश मेगावाटसम्म क्षमता भएका विद्युत आयोजनाको स्वीकृती लगानी प्राधिकरणबाट हुनेछ र छनौट, सर्भेक्षण तथा कार्यान्वयन सम्वन्धी सम्पूर्ण कार्य सम्वन्धित निकायबाट हुनेछ तर त्यस्तो परियोजनाको कार्यान्वयन गर्न सम्वन्धित निकायले प्राधिकरणलाई अनुरोध गरेमा त्यस्तो परियोजना सम्वन्धी सम्पूर्ण कार्य ऐन र यो नियम बमोजिम लगानी प्राधिकरणले गर्न सक्नेछ ।

१६. <u>आशयपत्र पेश गर्ने:</u> (१) ऐनको दफा २३ बमोजिम इच्छुक लगानीकर्ताले आशयपत्र सम्बन्धी कागजात लगानी प्राधिकरणबाट प्राप्त गरी वा सम्बन्धित वेबसाइट मार्फत डाउनलोड गरी आशयपत्र आह्वान सम्बन्धी सूचनामा उल्लिखित कुराहरूको आधारमा आशयपत्र र सो सँग सम्बन्धित कागजात तयार गरी लगानी प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम आशयपत्र पेश गर्दा देहायका विषय खुलाउनु पर्नेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(क) आशयपत्र पेश गर्ने लगानीकर्ता, कम्पनी वा संस्थाको विवरण,
(ख) परियोजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा प्राविधिक क्षमता एवं दक्षता,
(ग) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,
(घ) परियोजना कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोत,
(ङ) परियोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रूपमा परियोजना सम्भाव्य हुन सक्ने आधार,
(च) लगानी प्राधिकरणले तोकेको अन्य आवश्यक कुराहरु।

(३) उपनियम (१) बमोजिम आशयपत्र पेश गर्दा लगानीकर्ताले परियोजनाको प्रकृति अनुसार लगानी प्राधिकरणले अन्यथा निर्णय गरेमा बाहेक एक लाख रुपैयाँ दस्तुर लगानी प्राधिकरणले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आशयपत्र पेश गर्ने निवेदक छनौट भएमा निजले लगानी स्वीकृतिका लागि छुट्टै दस्तुर बझाउनु पर्ने छैन ।

(५) उपनियम (१) बमोजिम आशयपत्र पेश हुन आएमा लगानी प्राधिकरणले छुट्टै दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम पेश भई दर्ता भएका आशयपत्र सम्बन्धित लगानीकर्ता वा निजको प्रतिनिधिको रोहबरमा आशयपत्र आह्वान सम्बन्धी सूचनामा तोकिएको मिति र समयमा खोली मुचुल्का गरी मूल्याङ्कनका लागि पेश गर्नु पर्नेछ ।

तर यसरी तोकिएको मिति र समयमा आशयपत्र पेश गर्ने लगानीकर्ता वा निजका प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आशयपत्र खोल्न कुनै बाधा पर्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्र.नं.

१७. **आशयपत्र फिर्ता गर्ने, संशोधन गर्ने वा पुनः सूचना प्रकाशन गर्ने:** (१) कुनै निवेदकले पेश गरेको आशयपत्र फिर्ता पाउँ भनी लगानी प्राधिकरण समक्ष निवेदन दिएमा निजले पेश गरेको आशयपत्र र सो सँग सम्बन्धित कागजात सम्बन्धित निवेदकलाई फिर्ता गर्न सक्नेछ।

(२) कुनै कारणवश आशयपत्र वा सो सँग सम्बन्धित कागजातमा संशोधन गर्नु पर्ने भएमा आशयपत्र बुझाउने अन्तिम म्याद अगावै लगानी प्राधिकरणले त्यसरी संशोधन भएको व्यहोराको सूचना प्रकाशन गरी पुनः आशयपत्र पेश गर्ने म्याद थप गर्न सक्नेछ ।

१८. **आशयपत्रको मूल्याङ्कन एवं छनौटः** (१) नियम १३ बमोजिम लगानी प्राधिकरणमा पेश भएका आशयपत्रको मूल्याङ्कन नियम २८ बमोजिमको मूल्याङ्कन समितिले गर्नेछ।

(२) लगानी प्राधिकरणले कुनै परियोजनाको लागि आशयपत्रको मूल्याङ्कनको विधि, शर्त एवं तरिका निर्धारण गरे बमोजिमको आधारमा मूल्याङ्कन गरी मूल्याङ्कन समितिले प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै विधि, शर्त एवं तरिका निर्धारण नगरेको अवस्थामा आशयपत्र आह्वान सम्बन्धी कागजातमा उल्लिखित छनौटका आधार बमोजिम आशयपत्र पेश गर्ने लगानीकर्ताको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मूल्याङ्कन गर्दा एक सय अङ्कमा नबढ्ने गरी परियोजनाको प्रकृति अनुसार देहायका विषयमा देहाय बमोजिम अङ्क विभाजन गरी सो बमोजिमको अङ्क दिइनेछः

(क) प्राविधिक क्षमता बापत - तीस देखि पचास अङ्क

(ख) आर्थिक क्षमता बापत - बीस देखि चालीस अङ्क

(ग) अनुभव बापत - दश देखि तीस अङ्क

(५) उपनियम (४) बमोजिम प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको मूल्याङ्कन गर्दा देहायको आधारमा गरिनेछः

(क) आशयपत्रदाताको प्राविधिक क्षमताको मूल्याङ्कन गर्दा सो परियोजनाको कार्यान्वयनको लागि कुनै यन्त्र, उपकरण, फर्मुला, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशिष्टता वा जनशक्ति चाहिने भए निवेदकसँग रहेको त्यस्तो यन्त्र, उपकरण, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशिष्टता वा जनशक्ति,

(ख) आशयपत्रदाताको आर्थिक क्षमताको मूल्याङ्कन गर्दा परियोजनाको सर्वेक्षण, सञ्चालन तथा मर्मत सम्भारको लागि आवश्यक आर्थिक क्षमता भए नभएको र त्यस्तो आशयपत्रदाता कम्पनी वा संस्था भए सोको वित्तीय विवरणको आधारमा त्यस्तो कम्पनी वा संस्थाको वित्तीय स्रोतबाट परियोजनाको लागि व्यहोर्ने रकम, ऋण वा इक्विटी रकम,

(ग) आशयपत्रदाताको अनुभवको मूल्याङ्कन गर्दा निजले कुनै परियोजनाको निर्माण, सञ्चालन तथा कार्यान्वयन गरेको र त्यस्तै प्रकृतिको अन्य परियोजना निर्माण, सञ्चालन तथा कार्यान्वयन गरेको अनुभव,

(घ) परियोजनालाई बढी सम्भाव्य बनाउन पेश गरिएका अन्य आवश्यक कुरा ।

(६) उपनियम (५) बमोजिम मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने मध्येबाट अधिकतम अङ्क प्राप्त गर्ने बढीमा छ वटा आशयपत्रदाताको संक्षिप्त सूची तयार गरी छनौटको लागि सिफारिस सहितको प्रतिवेदन लगानी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(७) यस नियम बमोजिम आह्वान गरिएको सूचनामा एक मात्र आशयपत्र पेश भएमा पनि त्यस्तो आशयपत्र मूल्याङ्कन गर्न सकिनेछ ।

(८) उपनियम (६) बमोजिम पेश गरिएको प्रतिवेदनका आधारमा लगानी प्राधिकरणले संक्षिप्त सूची स्वीकृत गर्न सक्नेछ ।

१९. <u>संक्षिप्त सूची प्रकाशनः</u> (१) नियम १८ बमोजिम स्वीकृत भएको आशयपत्रको संक्षिप्त सूची तयार गरि लगानी प्राधिकरणले निर्णय गरि त्यस्तो सूचि कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेभ साइटमा समेत राखु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संक्षिप्त सूची तयार भएको सात दिनभित्र सूचीमा समावेश भएका लगानीकर्तालाई सोको जानकारी दिनु पर्नेछ।

२०. <u>प्रस्ताव सम्बन्धी कागजात तयार गर्नु पर्नेः</u> (१) ऐनको दफा २५ को प्रयोजनका लागि नियम २१ बमोजिम प्रस्ताव आह्वान गर्नु पूर्व प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव सम्बन्धी छुट्टाछुट्टै कागजात तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव सम्बन्धी कागजात लगानी प्राधिकरणले स्वीकृत गर्नु पर्नेछ ।

(३) प्रस्ताव सम्बन्धी कागजातमा लगानी प्राधिकरणको छाप लगाई प्रमुख कार्यकारी निर्देशक वा निजले तोकेको अधीकृत कर्मचारीले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ।

२१. <u>प्रस्ताव आह्वान गर्नेः</u> (१) ऐनको दफा २५ को प्रयोजनका लागि कार्यालयले नियम १९ बमोजिम संक्षिप्त सूचीमा समावेश भएका लगानीकर्ताबाट प्रतिस्पर्धाका आधारमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका विषय खुलाई कम्तीमा पैंतालीस दिनको म्याद दिई अङ्ग्रेजी र नेपाली भाषामा राष्ट्रिय स्तरका दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछः

(क) प्रस्ताव सम्बन्धी कागजात उपलब्ध हुने निकाय र सो बापत लाग्ने सेवा, शुल्क तथा दस्तुर,

(ख) प्रस्ताव पेश गर्ने तरिका तथा प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान,

(ग) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

(घ) प्रस्ताव मूल्याङ्कनका आधार,

(ङ) प्रस्ताव उपर निर्णय गरिने समय,

(च) लगानी प्राधिकरणले तोकेको अन्य विषय ।

(२) उपनियम (१) बमोजिमको सूचना लगानी प्राधिकरणको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

२२. **<u>प्रस्तावकसँग पूर्व छलफल:</u>** नियम २१ मा तोकिएको प्रस्ताव पेश गर्ने समय अगावै कार्यालयले मिति, समय र स्थान तोकी प्रस्तावकसँग आवश्यकता अनुसार पूर्व छलफल एवं परामर्श गर्न सक्नेछ ।

२३. **<u>प्रस्ताव पेश गर्ने:</u>** (१) ऐन तथा यस नियमावली बमोजिम लगानी गर्न इच्छुक प्रस्तावकले प्रस्ताव सम्बन्धी कागजात प्राप्त गरी सोमा उल्लिखित विवरण एवं देहायका कुराहरू समेत खुलाई प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सीलबन्दी गरी पेश गर्नु पर्नेछः

(क) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको प्राविधिक डिजाइन र त्यसको दिगोपना,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको वित्तीय स्रोत,

(ङ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(च) प्रारम्भिक वातावरणीय अध्ययन सम्पन्न भएकोमा सोको प्रतिवेदन वा अध्ययन गर्ने योजना,

(छ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने शुल्क र तत् सम्बन्धी अन्य आवश्यक कुरा,

(ज) उर्जा सम्बन्धी परियोजना कार्यान्वयन गर्दा संघीय सरकार वा प्रदेश सरकारलाई अनुसूची-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

२ बमोजिम बुझाउने रोयल्टीको दर र भुक्तानी गर्ने रकमको किस्ताबन्दी अङ्क,

(झ) खण्ड (ज) मा उल्लिखित बाहेकका अन्य परियोजना कार्यान्वयन गर्दा नेपाल सरकार वा प्रदेश सरकारलाई कुनै प्रकारको रोयल्टी बुझाउने भए रोयल्टीको दर र भुक्तानी गर्ने रकमको किस्ताबन्दी अङ्क,

(ञ) नेपाल सरकार वा प्रदेश सरकारबाट अपेक्षित सुविधा एवं सहुलियत वा नेपाल सरकार वा प्रदेश सरकारलाई दिन प्रस्ताव गरिएका आर्थिक फाइदा,

(ट) सम्झौताको प्रस्तावित अवधि ।

(२) लगानीकर्ताले प्रस्ताव सम्बन्धी कागजात खरिद बापत अनुसूची-३ बमोजिमको रकम लगानी प्राधिकरणले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पेश हुन आएका प्रस्ताव लगानी प्राधिकरणले छुट्टै दर्ता किताबमा दर्ता गरी सुरक्षित राख्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम पेश हुन आएका प्रस्तावहरु प्रस्तावक वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा सूचनामा तोकिएको मिति, स्थान र समयमा नियम २८ बमोजिमको मूल्याङ्कन समितिले खोल्नु पर्नेछ ।

तर प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र प्रस्ताव खोल्न कुनै बाधा पुगेको मानिने छैन ।

२४. <u>प्रस्ताव फिर्ता गर्ने वा संशोधन गर्ने वा पुनः सूचना जारी गर्ने:</u> (१) कुनै निवेदकले पेश गरेको प्रस्ताव फिर्ता पाउँ भनी लगानी प्राधिकरण समक्ष निवेदन दिएमा निजले पेश गरेको प्रस्ताव र सो सँग सम्बन्धित कागजात सम्बन्धित निवेदकलाई फिर्ता गर्न सक्नेछ।

(२) कुनै कारणवश प्रस्ताव वा सो सँग सम्बन्धित कागजातमा संशोधन गर्नु पर्ने भएमा प्रस्ताव बुझाउने अन्तिम म्याद अगावै लगानी प्राधिकरणले त्यसरी संशोधन भएको व्यहोराको सूचना प्रकाशन गरी पुनः प्रस्ताव पेश गर्ने म्याद थप गर्न सक्नेछ।

२५. **प्रस्ताव मूल्याङ्कन एवं छनौटः** (१) नियम २१ बोमोजिम लगानी प्राधिकरणले आह्वान गरेको प्रस्ताव बमोजिम पेश भएका प्रस्तावको मूल्याङ्कन नियम २८ बमोजिमको मूल्याङ्कन समितिले गर्नेछ ।

(२) मूल्याङ्कन समितिले कुनै परियोजनाको लागि प्रस्ताव मूल्याङ्कनको विधि, शर्त एवं तरिका निर्धारण गरेको भए सोही आधारमा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम मूल्याङ्कनको विधि, शर्त एवं तरिका नतोकेको भए लगानी प्राधिकरणले तोक्नु पर्नेछ ।

(४) मूल्याङ्कन समितिले यस नियम बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा पहिला प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) मूल्याङ्कन समितिले ऐनको दफा २६ को उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त देहायका आधारमा प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछः

(क) प्रस्तावकको प्राविधिक क्षमता तथा अनुभव,

(ख) प्रस्तावित जनशक्तिको कार्यक्षमता तथा अनुभव,

(ग) परियोजना कार्यान्वयन सम्बन्धी सङ्गठनात्मक व्यवस्था, प्रक्रिया तथा कार्यतालिका,

(घ) प्रस्तावकको आर्थिक हैसियत,

(ङ) परियोजनाको आधारभूत इन्जिनियरिङ्ग डिजाइन,

(च) परियोजनाको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न अपनाउने उपाय,

(छ) परियोजनाको आर्थिक सामाजिक दायित्व,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(ज) परियोजनालाई बढी सम्भाव्य बनाउन पेश गरिएका अन्य आवश्यक कुरा ।

(६) यस नियम बमोजिम प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव छनौट हुन कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम साठी प्रतिशत अङ्क प्राप्त नगर्ने प्रस्तावकको मूल्याङ्कन समितिले छुट्टै सूची तयार गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(८) मूल्याङ्कन समितिले मूल्याङ्कन कार्य सुरु गरेको मितिले नब्बे दिनभित्र प्राविधिक प्रस्ताव छनौट सम्बन्धी प्रतिवेदन तयार गरी लगानी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम पेश गरिएको प्रतिवेदन समेतको आधारमा लगानी प्राधिकरणले प्राविधिक प्रस्ताव छनौट तथा स्वीकृत गर्नेछ ।

(१०) उपनियम (९) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरिएका प्रस्तावकलाई लगानी प्राधिकरणले सात दिन भित्र आर्थिक प्रस्ताव खोल्ने सूचनासहित जानकारी पठाउनु पर्नेछ ।

(११) कुनै प्रस्तावकको प्राविधिक प्रस्ताव स्वीकृत नभएमा लगानी प्राधिकरणले त्यस्तो प्रस्तावकलाई सोको जानकारी सहित निजले पेश गरेको आर्थिक प्रस्ताव फिर्ता गर्नु पर्नेछ ।

(१२) मूल्याङ्कन समितिले उपनियम (१०) बमोजिम पठाइएको सूचनामा तोकिएको मिति र समयमा आर्थिक प्रस्ताव खोली देहायको आधारमा मूल्याङ्कन गर्नेछः

(क) परियोजनाको लागत,

(ख) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित शुल्क,

(ग) रोयल्टी वा राजश्व तथा सो भुक्तानी गर्ने समय र तरिका,

(घ) सम्झौताको प्रस्तावित अवधि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ङ) नेपाल सरकार वा प्रदेश सरकारबाट अपेक्षित सुविधा एवं सहुलियत वा नेपाल सरकार वा प्रदेश सरकारलाई उपलब्ध गराउन प्रस्ताव गरिएका आर्थिक फाइदा,

(च) अन्य आवश्यक कुरा ।

(१३) मूल्याङ्कन समितिले उपनियम (१२) बमोजिम मूल्याङ्कन गरी तयार गरेको प्रतिवेदन लगानी प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(१४) उपनियम (१३) बमोजिम पेश गरिएको प्रतिवेदन समेतको आधारमा लगानी प्राधिकरणले आर्थिक प्रस्ताव स्वीकृत गर्नेछ ।

(१५) उपनियम (१४) बमोजिम स्वीकृत भएको प्रस्तावको प्रस्तावकलाई कार्यालयले सात दिनभित्र उक्त कुराको जानकारी दिनु पर्नेछ।

(१६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको सम्बन्धमा प्रस्ताव मूल्याङ्कन गर्दा प्रस्ताव आह्वान सम्बन्धी कागजातमा तोकिएको विधि, शर्त एवं तरिका बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।

(१७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संक्षिप्त सूचीमा परेका प्रस्तावको प्राविधिक र आर्थिक पक्षको मात्र प्रतिस्पर्धा गराई मूल्याङ्कन गर्न सकिनेछ ।

(१८) कुनै कारणवश प्रस्ताव आह्वान सम्बन्धी सूचना रद्द भएमा पेश हुन आएका प्रस्तावहरु सम्बन्धित प्रस्तावकलाई फिर्ता गर्नु पर्नेछ ।

(१९) उपनियम (११) वा (१८) बमोजिम प्रस्ताव फिर्ता लिन आउने सूचना सम्बन्धित प्रस्तावकलाई दिइनेछ र त्यस्तो सूचना पाएको पन्ध्र दिन भित्र प्रस्तावकले प्रस्ताव फिर्ता लिन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(२०) उपनियम (१९) बमोजिमको म्यादभित्र कुनै प्रस्तावकले आफूले पेश गरेको प्रस्ताव फिर्ता लिन नआएमा कार्यालयले सोही व्यहोरा जनाई त्यस्तो प्रस्ताव नखोली नष्ट गर्न सक्नेछ ।

२६. **वार्ताद्वारा परियोजना कार्यान्वयन सम्वन्धी व्यवस्थाः** (१) ऐनको दफा २० को प्रयोजनका लागि सार्वजनिक सूचना जारी नगरीएको अवस्थामा सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने गरी पेश भएको प्रस्तावलाई वार्ताद्वारा देहायको अवस्थामा प्रक्रियामा लैजान सकिनेछः

(क) सम्बन्धित निकायले पहिचान नगरेको वा परियोजना सूचीमा नरहेको,

(ख) नयाँ अवधारणा, अन्वेषण एवं प्रविधि प्रयोग हुने,

(ग) सार्वजनिक हित प्रवर्द्धन गर्न सक्ने गरी राष्ट्रिय वा प्रदेशमा महत्व भएको भनी प्रदेश सरकारका नीति तथा कार्यक्रममा उल्लेख भएको,

(घ) प्रस्ताव आह्वान गरिएकोमा कुनै पनि प्रस्ताव प्राप्त नभएको वा प्रस्ताव छनौट हुन नसकेको,

(ङ) परियोजनाको सम्भाव्यता अध्ययनको सम्पूर्ण दायित्व निवेदक स्वयंले बहन गर्न मञ्जुर गरेको,

(च) प्राधिकरण वा प्राधिकरणको सिफारिसमा प्रदेश सरकार वा प्रदेश योजना आयोगले प्रदेशको पूर्वाधार बिकासमा रणनीतिक रूपमा महत्त्वपूर्ण परियोजना भनी निर्णय गरेको,

(२) यस नियम बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले देहाय बमोजिमका व्यहोरा पुष्टयाई हुने कागजात पेश गर्नु पर्नेछ ।

(क) निवेदन पेश गर्ने व्यक्ति, कम्पनी वा संस्थाको विवरण,

(ख) परियोजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा प्राविधिक क्षमता एवं दक्षता,

(ग) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(घ) परियोजना कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोत,

(ङ) परियोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रूपमा परियोजना सम्भाव्य हुन सक्ने आधार,

(३) यस नियम बमोजिम प्रस्ताव पेश गर्दा अनुसूची-४ बमोजिमको दस्तुर बुझाउनु पर्नेछ र त्यस्तो दस्तुर बापतको रकम लगानी प्राधिकरणले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम पेश गरिएको प्रस्तावको सम्बन्धमा लगानी प्राधिकरणले प्रस्तावकसँग छलफल गर्न, अध्ययन वा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्न, सो प्रयोजनको लागि सम्बन्धित विषय विज्ञको सहयोग लिन वा ऐनको दफा १७ बमोजिम गठन गरिने विशेषज्ञ समिति वा कार्यदललाई जिम्मेवारी दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम विशेषज्ञ समिति वा कार्यदललाई जिम्मेवारी दिइएकोमा त्यस्तो समिति वा कार्यदलले सम्बन्धित प्रस्तावकसँग जानकारी लिई आवश्यक अध्ययन गर्नु पर्नेछ र सोको प्रारम्भिक अध्ययन प्रतिवेदन मूल्याङ्कनका लागि लगानी प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिमको प्रस्तावको मूल्याङ्कन गर्नु अघि लगानी प्राधिकरणले त्यस्तो प्रस्तावका सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गरी स्वीस च्यालेन्जका आधारमा प्रतिस्पर्धात्मक तुलना गरी निर्णय गर्न सक्नेछ।

<u>स्पष्टिकरण:</u> यस नियमको प्रयोजनको लागि "स्वीस च्यालेन्ज" भन्नाले सम्बन्धित निकायले कुनै सेवा क्षेत्र वा भौतिक पूर्वाधार जस्ता सार्वजनिक परियोजनाका लागि आह्वान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आह्वान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ ।

(७) यस नियम बमोजिमको प्रस्तावका सम्बन्धमा आवश्यकता, औचित्यता एवं उपयुक्तताका आधारमा लगानी प्रधिकरणले त्यस्तो परियोजनाका लागि परियोजनाको अध्ययन तथा सर्वेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि शर्त एवं प्रक्रिया तोकी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम स्वीकृति प्रदान गरिएका प्रस्तावको प्रस्तावकसँग लगानी प्राधिकरणले परियोजना कार्यान्वयनका लागि समझदारी गर्नेछ ।

(९) परियोजना विकासका क्रममा भएको कुनै प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा भएको खर्चको शोधभर्ना गर्नु पर्ने भएमा लगानी प्राधिकरणले त्यसरी भएको खर्च प्रस्ताव स्वीकृत भएको प्रस्तावकबाट भराई दिन व्यवस्था गर्न सक्नेछ ।

२७. <u>अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u> (१) नियम १६ र २३ बमोजिम प्रस्ताव छनौट तथा स्वीकृति प्रदान भएपछि लगानी प्राधिकरणले प्रस्तावकसँग परियोजना कार्यान्वयनका सम्बन्धमा आवश्यकता अनुसार देहायको विषयका शर्तका आधारमा समझदारी गरी अध्ययन अनुमतिपत्र प्रदान गर्नेछः

(क) प्राविधिक तथा वित्तीय विषय,

(ख) प्रारम्भिक सम्भाव्यता अध्ययन तथा विस्तृत सम्भाव्यता अध्ययन,

(ग) व्यावसायिक योजना,

(घ) परियोजनामा प्रयोग हुने प्रविधि, उपकरण तथा जनशक्ति,

(ङ) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभ,

(च) वातावरणीय तथा सामाजिक अध्ययन,

(छ) अध्ययन सम्पन्न गर्ने अवधि,

(ज) स्थानीय कम्पनी दर्ता सम्बन्धी,

(झ) लगानी स्वीकृति लिनुपर्ने,

(ञ) परियोजना सम्पन्न गर्ने कार्यतालिका,

(ट) अन्य आवश्यक शर्त ।

(२) उपनियम (१) बमोजिम गरिने समझदारीपत्रमा अनुसूची-५ बमोजिमका विषय उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको अध्ययन अनुमतिपत्र प्रदान गर्नुपूर्व लगानीकर्ताले अनुसूची-६ बमोजिमको दस्तुर लगानी प्राधिकरणले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(४) लगानी प्राधिकरणले उपनियम (१) बमोजिम अध्ययन अनुमतिपत्र प्रदान गर्ने निर्णय भएको सात दिनभित्र सो कुराको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम अनुमति पत्र प्रदान गर्नु पूर्व निवेदकसँग कुनै समझदारीपत्र वा सम्झौता भएको भए निवेदकले त्यस्तो समझदारीपत्र वा सम्झौता लगानी प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(६) कुनै लगानीकर्ताले लगानी प्राधिकरणले तोकेको म्यादभित्र अनुमतिपत्र लिन आउन नसकेको मनासिब कारण देखाई म्याद थपका लागि निवेदन दिएमा लगानी प्राधिकरणले आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ ।

(७) यस नियम बमोजिम दिइने अध्ययन अनुमतिपत्रको ढाँचा अनुसूची-७ बमोजिम हुनेछ।

(८) उपनियम (७) बमोजिमको अध्ययन नियम ४० को उपनियम (४) र (५) बमोजिम अनुमतिपत्र रद्द भएको अवस्थामा बाहेक उपनियम (१) बमोजिमको समझदारीपत्रमा उल्लिखित अवधि सम्म बहाल रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(९) उपनियम (७) बमोजिमको अध्ययन अनुमतिपत्रको म्याद समाप्त भएकोमा सम्बन्धित प्रस्तावकले त्यसरी म्याद समाप्त भएको तीस दिन भित्र आधार र कारण सहित म्याद थपको लागि लगानी प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम सम्बन्धित प्रस्तावकबाट अध्ययन अनुमतिपत्रको म्याद थपको लागि निवेदन प्राप्त भएकोमा लगानी प्राधिकरणले अनुसूची-६ बमोजिमको दस्तुर लिई उक्त अध्ययन अनुमतिपत्रको म्याद थप गर्न सकिनेछ ।

२८. <u>मूल्याङ्कन समितिः</u> (१) ऐन तथा यस नियमावली बमोजिम कुनै परियोजनाको प्रारम्भिक अध्ययन, सर्वेक्षण, विकास, निर्माण, सञ्चालन तथा विस्तारका लागि आशयपत्र, प्रस्ताव लगायत अन्य कुनै निवेदन वा प्रतिवेदनका सम्बन्धमा त्यस्ता विषयको मूल्याङ्कन गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछः

(क) कार्यालयले तोकेको कम्तिमा नवौं/आठौं तहको वा सो सरहको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) कार्यालयले तोकेको परियोजनासँग सम्बन्धित विशेषज्ञ - सदस्य

(ग) कार्यालयले तोकेको लगानी प्राधिकरणमा कार्यरत वा प्रदेश सरकारका कुनै मन्त्रालयको कम्तिमा आठौं/सातौं तहको प्राविधिक कर्मचारी - सदस्य

(घ) प्रदेश सरकारमा कार्यरत वा कार्यालयले तोकेको कानून अधिकृत - सदस्य

(ङ) कार्यालयले तोकेको सातौं तह वा सो सरहको कर्मचारी - सदस्य सचिव

(२) कार्यालयले परियोजनाको प्रकृतिको आधारमा सम्बन्धित विषयको विज्ञलाई उपनियम (१) मा उल्लिखित व्यक्ति वा पदाधिकारीको अतिरिक्त मूल्याङ्कन समितिको सदस्यको रुपमा थप गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(३) मूल्याङ्कन समितिले कुनै परियोजना वा विषयमा गरेको मूल्याङ्कनको प्रतिवेदन तयार गरी प्रमुख कार्यकारी निर्देशक समक्ष पेश गर्नु पर्नेछ।

(४) मूल्याङ्कन समितिको बैठक लगायत अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>लगानी स्वीकृति तथा निजी लगानी</u>

२९. <u>**लगानी स्वीकृतिको सिमा**</u> (१) ऐनको दफा ३ बमोजिम एक करोड रुपैयाँ सम्म लगानी हुने वा पाँच मेगावाट भन्दा कम क्षमताका विद्युत आयोजना सार्वजनिक निजी तथा सार्वजनिक निजी र सहकारीको सहभागितामा लगानी हुने परियोजनाको छनौट देखि कार्यान्वयन स्वीकृति गर्ने सम्मको अधिकार सम्वन्धित निकायको हुनेछ ।

(२) एक करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँ सम्मको लगानी हुने वा पाँच मेगावाट भन्दाबढी दश मेगावाटसम्म क्षमता भएका विद्युत आयोजनाको सार्वजनिक निजी तथा सार्वजनिक निजी र सहकारीको सहभागितामा लगानी हुने परियोजनाको कार्यान्वयन स्वीकृतिका लागी लगानी प्राधिकरणमा पठाउनु पर्ने छ।

(३) उपनियम (१) र (२) बमोजिमको व्यवस्था भन्दा बाहेकका सार्वजनिक निजी तथा सार्वजनिक निजी र सहकारीको सहभागितामा लगानी हुने जुनसुकै परियोजनाको सर्भेक्षण स्वीकृति, अनुमति र कार्यान्वयन लगायतका सम्पूर्ण कार्य लगानी प्राधिकरणबाट हुनेछ ।

३०. <u>**लगानी स्वीकृति सम्बन्धी व्यवस्था:**</u> (१) कुनै परियोजनामा लगानी गर्न इच्छुक लगानीकर्ताले लगानी स्वीकृतिका लागि लगानी प्राधिकरण समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा नेपाली वा अङ्ग्रेजी भाषामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा लगानीकर्ताले परियोजनाको कुल लागतको शुन्य दशमलव शुन्य एक प्रतिशत वा

एक लाख रुपैयाँमध्ये जुन वढी हुन्छ सो रकम लगानी प्राधिकरणले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदनसाथ लगानीकर्ताले देहायको विवरण सहितको प्रस्ताव पेश गर्नु पर्नेछः

(क) सार्वजिनक निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको हकमा परियोजनाको नाम, प्रकृति, स्थान र परियोजनाको अवधारणा सम्बन्धी विवरण,

(ख) परियोजना तयार गर्न लाग्ने अनुमानित लागतको विवरण,

(ग) स्वदेशी वा विदेशी पूँजी वा वैदेशिक ऋण भए सोको अनुमानित अंश समेत खुलाएको परियोजनाको प्रस्तावित वित्तीय स्रोत विवरण,

(घ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ङ) परियोजना कार्यान्वयन गर्ने कार्य तालिका,

(च) निवेदक कम्पनी वा संस्थाको अद्यावधिक शेयर लगत,

(छ) अन्य आवश्यक कुरा ।

(४) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएकोमा लगानी प्राधिकरणले त्यस्तो निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदन साथ प्राप्त कागजात तथा प्रस्ताव अध्ययन गरी प्रस्तावित परियोजनाको आवश्यकता तथा औचित्यता विचार गरी लगानी स्वीकृति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम लगानी स्वीकृत भएमा लगानी प्राधिकरणले सो निर्णय भएको मितिले सात दिनभित्र निवेदकलाई अनुसूची-९ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ।

(६) यो नियमावली प्रारम्भ हुनु पूर्व प्रचलित कानून बमोजिम कुनै निकायमा लगानी स्वीकृतिको प्रक्रियामा रहेको परियोजनाको

क्षमता विस्तार वा अन्य कुनै कारणले लगानी प्राधिकरणको क्षेत्राधिकारमा पर्ने भई लगानी प्राधिकरणबाट कारबाही अगाडि बढाउनु परेमा त्यस्तो निकायले सो परियोजनासँग सम्बन्धित सम्पूर्ण कागजात र अद्यावधिक विवरण लगानी प्राधिकरणलाई हस्तान्तरण गर्नु पर्नेछ।

तर लगानी स्वीकृत भइसकेका कुनै परियोजनाको पूँजी बृद्धि वा क्षमता बृद्धि वा शेयर हस्तान्तरण भएका परियोजनाको अनुगमन वा सहजीकरण सम्बन्धी कार्य सम्बन्धित निकायबाट नै गर्न यस उपनियमले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(७) उपनियम (६) बमोजिम सम्बन्धित निकायबाट परियोजना सम्बन्धी कागजात र विवरण प्राप्त भएमा लगानी प्राधिकरणले आवश्यक निर्णय गरी लगानी स्वीकृति सम्बन्धी प्रक्रिया अगाडि बढाउनेछ।

(८) यस नियम बमोजिम लगानी स्वीकृतिको लागि पेश भएको निवेदन बमोजिम लगानी स्वीकृति नभएमा लगानी प्राधिकरणले सोको कारण सहित निवेदकलाई जानकारी गराउनु पर्नेछ।

३१. <u>निजी र सहकारी लगानी सम्बन्धी व्यवस्था:</u> (१) ऐनको दफा २७ को प्रयोजनका लागि निजी र सहकारी क्षेत्रबाट निर्माण, सञ्चालन र व्यवस्थापन गरिने परियोजनाको लगानी स्वीकृतिको सिमा नियम २९ बमोजिम हुनेछ।

(२) लगानी प्राधिकरणले ऐनको दफा २७ बमोजिम निजी र सहकारी लगानीमा कार्यान्वयन हुन सक्ने परियोजनाको पहिचान गरी स्वीकृत गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पहिचान भएका परियोजना कार्यान्वयन गर्न इच्छुक लगानीकर्ताले लगानी प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै लगानीकर्ताले त्यसरी पहिचान नभएको परियोजना कार्यान्वयनको लागि समेत लगानी प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(५) उपनियम (३) वा (४) बमोजिम परेको निवेदन सम्बन्धमा लगानी प्राधिकरणले आवश्यक जाँचबुझ गरी त्यस्तो परियोजना निजी लगानी वा सहकारी क्षेत्रको लगानीमा कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम निजी लगानी वा सहकारी क्षेत्रको लगानीमा कार्यान्वयन गर्न स्वीकृत गरिएको परियोजना उपर प्राधिकरणले लगानीकर्तालाई विस्तृत परियोजना प्रस्ताव पेश गर्न लगाउन सक्नेछ ।

(७) उपनियम (२) वा (६) बमोजिम प्राप्त निवेदन वा प्रस्तावको सम्बन्धमा आवश्यकता अनुसार लगानीकर्तासँग वार्ता समेत गरी लगानी प्राधिकरणले कुनै शर्त तोकी वा नतोकी निजी लगानीमा वा सहकारी क्षेत्रको लगानीमा परियोजना कार्यान्वयनको सम्झौता गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिम निजी लगानीमा वा सहकारी क्षेत्रको लगानीबाट कार्यान्वयन हुने परियोजनाको लगानी स्वीकृत गरी परियोजनाको अध्ययन, सर्वेक्षण, कार्यान्वयन सम्बन्धमा लगानी प्राधिकरणले आवश्यक सहजीकरण समेत गर्नेछ ।

(९) यस नियम बमोजिम निजी लगानीमा वा सहकारी क्षेत्रको लगानीमा कार्यान्वयन गरिने परियोजनाको स्वामित्व सम्बन्धी व्यवस्था परियोजनाको प्रकृतिका आधारमा लगानी प्राधिकरणले निर्धारण गर्नेछ।

(१०) यस नियम बमोजिम निजी लगानी वा सहकारी क्षेत्रको लगानीमा कार्यान्वयन गरिने परियोजनाको मूल्याङ्कनका आधार, निजी लगानीकर्ता वा सहकारी क्षेत्रको आर्थिक क्षमता, प्राविधिक पक्ष, शेयरधनीको संरचना, विगतको कार्य अनुभव, रोजगारी सृजनाका आधार लगायत परियोजनाको प्रकृति अनुसार लगानी प्राधिकरणले निर्धारण गर्नेछ।

## परिच्छेद-५
## परियोजना सम्झौता र कार्यान्वयन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

३२. **विवरण पेश गर्नु पर्नेः** (१) ऐनको दफा ३० बमोजिम परियोजना स्वीकृत भई कार्यान्वयन गर्न समझदारी भएकोमा समझदारीपत्रमा उल्लिखित समयावधि भित्र परियोजना स्वीकृति र कार्यान्वयनका लागी देहायका विवरण सम्बन्धित निकायमा पेश गर्नु पर्नेछः

(क) परियोजनाको सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको अनुमानित लागत,

(ग) परियोजनाको प्रस्तावित वित्तीय स्रोत,

(घ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ङ) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन,

(च) परियोजना कार्यान्वयन भएपछि त्यसका उपभोक्ताबाट असुल गर्ने अनुमानित महसुलको विवरण,

(छ) परियोजना कार्यान्वयन पश्चात प्रदेश सरकारलाई बुझाउनु पर्ने रोयल्टी वा शुल्कको अनुमानित विवरण,

(ज) परियोजनाको प्राविधिक डिजाइन र त्यसको दिगोपना,

(झ) समझदारीपत्रमा कुनै कुरा उल्लेख भएकोमा सो कुरा ।

(२) उपनियम (१) बमोजिमको समयावधि भित्र विवरण पेश गर्न नसकेको मनासिब कारण खुलाई प्रस्तावकले अवधि थपको लागि लगानी प्राधिकरण समक्ष अनुरोध गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुरोध भई आएमा लगानी प्राधिकरणले त्यस्तो विवरण पेश गर्न बढीमा तीस दिनसम्म अवधि थप गर्न सक्नेछ ।

३३. **सम्झौता सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३० र यस नियम बमोजिम कार्यालयले तयार गरेको सम्झौताको अन्तिम मस्यौदा सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने गरी परियोजना विकास

सम्झौता भएमा अनुसूची-१० बमोजिम र परियोजना लगानी सम्झौता भएमा अनुसूची-११ बमोजिमको ढाँचामा स्वीकृतिका लागि लगानी प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सम्झौताको मस्यौदा तयार गर्दा कार्यालयले कुनै विशेषज्ञ सेवा लिन आवश्यक ठानेमा विशेषज्ञको परामर्श सेवा लिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त परियोजना कार्यान्वयनको अवधि उल्लेख गरी त्यस्तो अवधिभित्र कार्य सम्पन्न गर्न परियोजना कार्यान्वयनका सूचक वा उपलब्धिको कार्यतालिका समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सम्झौताको मस्यौदा लगानी प्राधिकरणबाट स्वीकृति गराउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम स्वीकृति दिइएकोमा कार्यालयले प्रस्तावक वा लगानीकर्तासँग सम्झौता गर्नु पर्नेछ।

(६) यस नियम बमोजिम सम्झौताको लागि वार्ता सम्पन्न भइसकेपछि तथा सम्झौता हुनु पूर्व लगानीकर्ताले दस्तुर बापतको रकम तोकिएको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ। तर नियम २६ वमोजिम वार्ताद्वारा परियोजनाको सम्झौता गर्दाको अवस्थामा लगानिकर्ताले लगानी सम्झौता दस्तुर वापत एक लाख रुपैयाँ लगानी प्राधिकरणले तोकेको बैंक खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ ।

(७) यस नियम बमोजिम स्वीकृत भएको सम्झौता लगानी प्राधिकरणले वेबसाइटमा प्रकाशन गर्न सक्नेछ ।

(८) यस नियमावलीको अधीनमा रही लगानी प्राधिकरणले अन्यथा निर्णय गरेकोमा बाहेक सार्वजनिक-निजी साझेदारी अवधारणामा कार्यान्वयन हुने परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृति भएको मितिले दुई वर्षभित्र र निजी लगानी सम्बन्धी परियोजनाको हकमा त्यस्तो परियोजनामा लगानी स्वीकृति भएको

मितिले एक वर्षभित्र परियोजना लगानी सम्झौता सम्पन्न गरिसक्नु पर्नेछ।

(९) उपनियम (८) बमोजिमको समयभित्र सम्झौता सम्पन्न हुन नसकेमा त्यस्तो परियोजनाको लगानी स्वीकृति स्वतः रद्द भएको मानिनेछ र यसरी रद्द भएको जानकारी सम्बन्धित लगानीकर्तालाई दिनु पर्नेछ ।

३४. **<u>सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था:</u>** (१) नियम ३३ बमोजिम सम्झौता गर्नु अघि लगानीकर्ताले कार्यसम्पादन बापत परियोजनाको कुल लागत अनुमानको शून्य दशमलव एक प्रतिशतले हुने रकम वा सो बराबरको बैङ्क जमानत पेश गर्नु पर्नेछ।

(२) नियम ३३ बमोजिम गरेको सम्झौतामा उल्लिखित शर्त बमोजिमका जिम्मेवारी र दायित्व लगानीकर्ताले वहन गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम सम्झौताको कार्यान्वयन गर्दा लगानीकर्ताले सम्झौताका शर्तको अधीनमा रही सम्झौता भएको मितिले तीन महिनाभित्र कार्यान्वयन कार्ययोजना बनाई लगानी प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

३५. **<u>कम्पनी दर्ता गर्नु पर्ने:</u>** लगानी स्वीकृति प्राप्त लगानीकर्ताको कम्पनी स्थापना नभएको भएमा त्यस्तो लगानीकर्ताले प्रचलित कानून बमोजिम कम्पनी दर्ता गर्नु पर्नेछ ।

३६. **<u>वातावरणीय अध्ययन गर्नु पर्ने:</u>** (१) परियोजनाको प्रकृति अनुसार त्यस्तो परियोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा लगानीकर्ताले परियोजना लगानी स्वीकृतिको जानकारी प्राप्त गरेको मितिले एक वर्षभित्र वातावरणीय अध्ययन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने वातावरणीय अध्ययनको क्षेत्र निर्धारण, कार्यसूची, विषयवस्तु तथा प्रतिवेदनको ढाँचा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम तयार भएको प्रतिवेदनको तेह्रप्रति र सोको विद्युतीय कपि (Soft Copy) समेत कार्यालयमा पेश गर्नु पर्नेछ र कार्यालयले सो प्रतिवेदन उपर आवश्यक जाँचबुझ गरी कुनै निकायबाट कुनै कुरा बुझ्नु पर्ने वा राय लिनु पर्ने भए सो समेत लिई सो राय वा सुझाव र आफ्नो सिफारिस सहित स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउनेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन, विश्लेषण गर्दा कुनै कुरा थप अध्ययन गर्नु पर्ने वा परिमार्जन गर्नु पर्ने भएमा सिफारिस सहितको राय वा सुझावको आधारमा प्रतिवेदन परिमार्जन गर्नका लागि लगानीकर्तालाई कार्यालयले जानकारी गराउनेछ ।यसरी जानकारी गराएकोमा लगानीकर्ताले पन्ध्र दिनभित्र आफूले पेश गरेको प्रतिवेदन परिमार्जन गरी पेश गर्नु पर्नेछ ।

(५) ऐनको दफा ३ बमोजिम लगानी स्वीकृत भएको परियोजनाको कार्यान्वयन गर्दा लगानीकर्तालाई वातावरणीय अध्ययन वा वन तथा वातावरण सम्बन्धी अन्य कुनै अनुमति दिनु पर्ने भएमा लगानी प्राधिकरणले प्रचलित कानून बमोजिम त्यस्तो अनुमति समेत दिनेछ ।

३७. <u>कार्यसम्पादन जमानत जफत हुन सक्ने</u>ः लगानीकर्ताले मनासिब कारणबिना सम्झौतामा उल्लिखित अवधिभित्र परियोजनाको निर्माण वा कार्यान्वयन गर्न प्रारम्भ नगरेमा वा मनासिब कारणबिना परियोजना निर्माण वा कार्यान्वयनको उपलब्धि वा सूचक हासिल नगरेमा वा सम्झौतामा उल्लिखित शर्त उल्लङ्घन गरेमा कार्यसम्पादन बापत नियम ३४ को उपनियम (१) बमोजिम पेश गरेको बैङ्क जमानत जफत गर्न सकिनेछ।

३८. <u>अनुमतिपत्रको अवधि निर्धारणका आधारः</u> (१) लगानी प्राधिकरणले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाका लागि ऐन र यस नियम बमोजिम प्रदान गर्ने अनुमतिपत्रको अवधि देहायका आधारमा निर्धारण गरिनेछः

(क) परियोजनाको प्रकृति,

(ख) परियोजनाको लागत,

(ग) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले परियोजना सञ्चालन गर्दा उठाउन पाउने शुल्क,

(घ) अनुमति प्राप्त व्यक्ति वा संस्थाले नेपाल सरकार वा प्रदेश सरकारलाई बुझाउनु पर्ने कर, रोयल्टी वा अन्य प्रकारको रकम,

(ङ) परियोजना सञ्चालनबाट अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्राप्त गर्न सक्ने मनासिब मुनाफा,

(च) परियोजना निर्माण गर्न लाग्ने कुल अवधि तथा अनुमति प्राप्त व्यक्ति वा संस्थाले शुल्क उठाई परियोजना सञ्चालन गर्न पाउने अवधि,

(छ) परियोजनाको वित्तीय स्रोत,

(ज) परियोजनामा नेपाल सरकार वा प्रदेश सरकारले संयुक्त लगानी गरे नगरेको कुरा,

(झ) परियोजनाको सम्भाव्य अवधि ।

(२) उपनियम (१) बमोजिम दिइने अनुमतिपत्रको अवधि प्रचलित कानून बमोजिम हुनेछ।

३९. **<u>परियोजना कार्यान्वयनको अनुगमनः</u>** (१) सार्वजनिक निजी साझेदारीका परियोजना कार्यान्वयन गर्नको लागि लगानी प्राधिकरण र तोकिएको निकायले अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्ने प्रयोजनको लागि सम्बन्धित निकायले कार्यान्वयन तालिका बनाई अनुगमन गर्नु पर्नेछ ।

(३) लगानी प्राधिकरणसँग सम्झौता भई कार्यान्वयन भएको परियोजनाको अनुगमन गर्न लगानी प्राधिकरणले परियोजना अनुगमन एकाइ गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम गठन हुने परियोजना अनुगमन एकाइमा सम्बन्धित विषयका प्राविधिक, विज्ञ तथा कर्मचारी रहन सक्नेछन्।

(५) लगानी प्राधिकरणले परियोजनाको अनुगमन गर्दा नियम ३४ को उपनियम (३) बमोजिमको कार्यतालिका अनुसार परियोजना कार्यान्वयन भई सूचक वा उपलब्धि हासिल भए वा नभएको तथा सम्झौताका शर्त पालना भए वा नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम अनुगमन गर्दा कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन नभएको वा कार्यान्वयनको सूचक वा उपलब्धि हासिल नभएको देखिएमा सात दिनको म्याद दिई लगानीकर्तासँग परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन हुन नसकेको सम्बन्धमा लगानी प्राधिकरणले जवाफ माग गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम जवाफ माग भएकोमा उपनियम (२) बमोजिमको कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन हुन नसकेको कारण खुलाई सम्बन्धित लगानीकर्ताले लगानी प्राधिकरण समक्ष जवाफ पेश गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम लगानीकर्ताले जवाफ पेश नगरेमा वा पेश गरेको जवाफ मनासिब नदेखिएमा लगानी प्राधिकरणले बढीमा तीन महिनासम्मको वा सम्झौतामा उल्लेख भए बमोजिमको म्याद दिई त्यस्तो म्यादभित्र कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन गर्न सक्ने गरी सुधार गर्ने मौका दिनेछ ।

(९) उपनियम (८) बमोजिम दिइएको म्यादभित्र परियोजना कार्यान्वयनमा सुधार भएको सूचक वा उपलब्धि हासिल हुन नसकेमा लगानी प्राधिकरणले त्यस्तो लगानीकर्तालाई थप तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र लगानी प्राधिकरणबाट कार्यतालिका स्वीकृत गराई परियोजना कार्यान्वयन गर्न सचेत गराउनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(१०) उपनियम (९) बमोजिमको म्यादभित्र सम्बन्धित लगानीकर्ताले परियोजना कार्यान्वयनको कार्यतालिका लगानी प्राधिकरणबाट स्वीकृत गराई सोही बमोजिम परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

४०. **अनुमतिपत्र रद्द हुने:** (१) लगानीकर्ताले सम्झौतामा उल्लिखित अवधिभित्र परियोजना कार्यान्वयन प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र परियोजना कार्यान्वयन प्रारम्भ गर्न नसकिने मनासिब कारण भएमा त्यस्तो कारण खुलाई सम्बन्धित लगानीकर्ताले त्यस्तो अवधि भुक्तान नहुँदै म्याद थपका लागि लगानी प्राधिकरण समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निवेदनको व्यहोरा मनासिब देखिएमा लगानी प्राधिकरणले परियोजना कार्यान्वयन प्रारम्भ गर्न बढीमा तीन महिना म्याद थप गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम सम्बन्धित निकायले म्याद थप नगरेमा वा त्यसरी थप गरिएको म्यादमा समेत परियोजना कार्यान्वयन प्रारम्भ नभएमा सम्झौताको अधीनमा रही त्यस्तो अनुमतिपत्र रद्द हुनेछ ।

(५) कुनै परियोजनाले नियम ३९ को उपनियम (१०) बमोजिम कार्यतालिका स्वीकृत नगराएमा वा स्वीकृत कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन नगरेमा वा परियोजना कार्यान्वयन भए तापनि कार्यतालिका बमोजिमको सूचक वा उपलब्धि हासिल गर्न नसकेमा लगानी प्राधिकरणले कारण र आधार खुलाई त्यस्तो परियोजनाको लगानी अनुमति रद्द गर्न सक्नेछ ।

४१. **परियोजना हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन भएका परियोजना ऐनको दफा ४१ को उपदफा (१) बमोजिम हस्तान्तरण गर्दा परियोजना र सोसँग सम्बन्धित घर, जग्गा, मेसिन, उपकरण तथा संरचना चालु हालतमा लगानी प्राधिकरणलाई हस्तान्तरण गर्नु पर्नेछ । यसरी हस्तान्तरण गर्दा त्यस्तो

परियोजना सञ्चालनका लागि अत्यावश्यक हुने सीप तथा प्रविधि समेत हस्तातरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण भएको परियोजना तथा सोसँग सम्बन्धित वस्तुको स्वामित्व प्रदेश सरकारको हुनेछ ।

(३) उपनियम (२) बमोजिम हस्तान्तरण भएको परियोजना प्रदेश सरकारले निर्धारण गरे बमोजिम सञ्चालन गरिनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित लगानीकर्ताले नै सो उपनियम बमोजिम हस्तान्तरण भएको परियोजना सञ्चालन गर्न निवेदन गरेमा लगानी प्राधिकरणले परियोजनाको स्वामित्व लिई त्यस्तो लगानीकर्तासँग सो प्रयोजनका लागि परियोजना सञ्चालन सम्झौता गरी त्यस्तो सम्झौतामा उल्लिखित अवधिसम्मका लागि परियोजना सञ्चालन गर्न दिन सक्नेछ ।

४२. <u>लगानी प्राधिकरण बाहेकका निकायबाट सञ्चालन गरिने परियोजनाः</u> ऐनको दफा ३३ बमोजिम लगानी प्राधिकरण बाहेक प्रदेश सरकारका मन्त्रालय वा मन्त्रालय मातहतका निकायबाट सञ्चालन गरिने परियोजनाको सूचि तयार गर्ने, छनौट गर्ने, सम्झौता गर्ने र कार्यान्वयन गर्ने प्रकृया ऐन, यस नियम र प्रचलित कानून बमोजिम हुनेछ र आवश्यक्ता अनुसार त्यस्ता मन्त्रालय वा मन्त्रालय मातहतका निकायवाट अनुरोध भई आएमा लगानी प्राधिकरणले सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद-६

## <u>लगानीकर्तालाई प्रदान गरिने सुविधा, प्रोत्साहन र संरक्षण</u>

४३. <u>थप सुविधा सम्बन्धी व्यवस्थाः</u> (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त ऐनको दफा ३५ को उपदफा (१) बमोजिम देहायको थप आर्थिक सुविधा दिन लगानी प्राधिकरणले नेपाल सरकार वा प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछः



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(क) परियोजनामा प्रयोग हुने निर्माण सामग्रीमा उपयोग हुने पूँजीगत अनुदान,

(ख) परियोजना कार्यान्वयन गर्दाका बखत प्रयोग हुने विद्युत महसुलको आंशिक अनुदान,

(ग) परियोजना कार्यान्वयन गर्न सहुलियत दरमा वा निःशुल्क सरकारी जग्गा उपलब्ध गराउने व्यवस्था,

(घ) प्रचलित कानून बमोजिम पाउने छुटका अतिरिक्त कर छुट वा निर्यात अनुदानको लागी सिफारिस,

(ङ) परियोजना निर्माण गर्ने सिलसिलामा पैठारी गरिने वस्तुमा लाग्ने भन्सार लगायतका अन्य कर तथा दस्तुर छुटको सिफारिस,

(च) लिज रेण्टलमा छुट सुविधा,

(छ) बजारमा कायम रहेको भन्दा कम व्याज दरमा ऋण उपलब्ध गराउने सिफारिस,

(ज) प्रदेश सरकारको स्वामित्वमा रहेका मौजुदा पूर्वाधार संरचनाको निःशुल्क वा सहुलियत रकममा प्रयोग गर्न पाउने व्यवस्था,

(झ) लगानी प्राधिकरणले उपयुक्त देखेका आर्थिक वा अन्य सुविधा ।

(२) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम जुन प्रयोजनको लागि सुविधा दिइएको हो सोको उपयोग सोही प्रयोजनको लागि मात्र गर्नु पर्नेछ ।

(३) ऐन र यस नियमको प्रतिकूल हुने गरी ऐन वा यस नियमावली बमोजिम प्राप्त हुने सुविधा उपयोग गरेमा त्यस्तो सुविधाको दुरुपयोग भएको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(४) ऐन र यस नियम बमोजिमको सुविधा दुरुपयोग भएको देखिएमा त्यस्तो सुविधा रद्द नगर्नु पर्ने कुनै कारण र आधार भए सोको सफाई पेश गर्न सात दिनको म्याद दिई सम्बन्धित लगानीकर्तासँग लगानी प्राधिकरणले जवाफ माग गर्नेछ ।

(५) उपनियम (४) बमोजिम दिइएको म्यादभित्र जवाफ पेश नभएमा वा पेश भएको जवाफ मनासिब नदेखिएमा त्यस्तो परियोजनालाई ऐन वा यस नियमावली बमोजिम दिइएका सुविधा ऐनको दफा ३७ बमोजिम रद्द गरी त्यस्तो सेवा सुविधा वरावरको रकम असुल उपर गर्न सकिनेछ ।

(६) ऐनको दफा ३७ को उपदफा (१) बमोजिम कुनै थप सुविधा पाउने लगानीकर्तालाई समेत यस नियम बमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-७
## विविध

४४. **एकल बिन्दु सेवा केन्द्रः** एकल विन्दु सेवा केन्द्रको स्थापना तथा सञ्चालन सम्वन्धी व्यवस्था आवश्यकता अनुसार लगानी प्राधिकरणको निर्णय बमोजिम हुनेछ ।

४५. **कोष सञ्चालन सम्वन्धी कार्यविधिः** (१) ऐनको दफा १६ को उपदफा (१) वमोजिम लगानी प्राधकिरणको एक कोष रहने छ र उक्त कोषमा ऐनको दफा १६ को उपदफा (२) बमोजिमको रकम रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गरिने छ ।

(क) लगानी प्राधिकरणले तोके वमोजिम कार्य गर्न लाग्ने खर्च,

(ख) कार्यालय स्थापना तथा सञ्चालनका लागि लाग्ने खर्च,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

(ग) लगानी प्राधिकरणका पदाधिकारी सदस्य र कर्मचारी, परामर्श दाताको सुविधा तथा पारिश्रमिक लगायतको खर्च,

(घ) परियोजनाको पहिचान लगायत आवश्यक कार्य गर्न लाग्ने खर्च,

(ङ) लगानी प्राधिकरणको निर्णयबाट हुने अन्य खर्च ।

४६. **कोषको सञ्चालनः** (१) कोषको सञ्चालन लगानी प्राधिकरणको नाममा हुनेछ ।

(२) कोषको खाता सञ्चालन प्रमुख कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लगानी प्राधिकरणमा लेखा प्रमुखको हैसियतमा कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुने छ।

४७. **कोषको रकम खर्च गर्ने प्रकृयाः** कोषको आम्दानी तथा खर्चको अभिलेख संघीय सरकार तथा प्रदेश सरकारले तोकेको प्रचलित कानून बमोजिमको ढाँचा बमोजिम हुनेछ ।

४८. **कोषको वैंक खाताः** लगानी प्राधिकरणले तोकेको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त कुनै पनि "क" वर्गको वाणिज्य बैंकमा खोल्नु पर्नेछ ।

४९. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) कोषको खर्चको मासिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) लगानी प्राधिकरणले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत् प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राधिकरणले वर्षभरिमा गरेका प्रमुख काम कारवाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

५०. **कोष सञ्चालन सम्वन्धी अन्य व्यवस्था:** कोष सञ्चालन सम्वन्धी अन्य व्यवस्था लगानी प्राधिकरणको निर्णय बमोजिम हुनेछ ।

५१. **कोषको खारेजी:** ऐन र प्रचलित कानून बमोजिम लगानी प्राधिकरण खारेज भएमा उक्त कोष स्वतः खारेज भई त्यस्तो कोषमा रहेको रकम स्वतः प्रदेश सरकारको सञ्चित कोषमा स्थानान्तरण हुनेछ।

५२. **ढाँचा स्वीकृत गर्न सक्ने:** ऐन र यस नियमावली बमोजिम लगानी प्राधिकरणबाट कार्यान्वयन गरिने सम्पूर्ण कार्यसँग सम्वन्धित कागजातको ढाँचा लगानी प्राधिकरणले स्वीकृत गर्नेछ र त्यसरी स्वीकृत गरिएको ढाँचा प्राधिकरणको वेभ साइटमा समेत राख्नु पर्नेछ।

५३. **अनुसूचीमा हेरफेर वा थपघट:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

५४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार**: ऐन र यस नियमावली अनुसार लगानी प्राधिकरणले आवश्यकतानुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड स्विकृत गरी लागू गर्न सक्नेछ।

५५. **बाधा अड्काउ फुकाउने**: यस नियमको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन देखा परेमा लगानी प्राधिकरणले प्रचलित कानून, ऐन र यो नियम विपरित नहुनेगरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

५६. **वचाउ:** यो नियमावली लागु हुनु पुर्व लगानी प्राधिकरणबाट भए गरेका कार्यहरु यसै नियमावली वमोजिम भएको मानिने छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

अनुसूची-१

(नियम ९ को उपनियम (८) सँग सम्वन्धित)

**कार्यसम्पादन करार**

सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ९ को उपदफा (२) र सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम ९ को उपनियम (८) बमोजिम प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी नर्देशक श्री................ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव श्री.......................... बीच आर्थिक वर्ष ................... मा देहायका कार्यहरु सम्पादन गर्ने गरी भएको कार्यसम्पादन सम्झौताः

म ....................................... प्रदेश लगानी प्राधिकरणको ....................... प्रमुख कार्यकारी निर्देशकका हैसियतले देहायको कार्यसम्पादन गर्नेगरी सम्झौता गरेको छु ।

१. सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ र सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ बमोजिम प्रदेश लगानी प्राधिकरणले सम्पादन गर्नुपर्ने कार्यहरु समयवद्ध रुपमा आवश्यक भए कार्ययोजना समेत वनाइ सम्पादन गर्ने ।

२. प्रदेश सरकारको आर्थिक वर्ष ................... को नीति तथा कार्यक्रम अनुसारका कार्यक्रम/आयोजनाको समयवद्ध कार्ययोजना तयार गरी निर्धारित समयभित्रै सम्पूर्ण लक्ष्य हासिल गर्ने।

३. आर्थिक वर्ष ................... को वार्षिक बजेट तथा कार्यक्रममा समय तालिका अनुसार निर्धारण गरिएका क्रियाकलापहरु निर्धारित समयभित्रै सम्पन्न गर्ने ।

४. प्रचलित कानूनले प्रमुख कार्यकारी नर्देशकले गर्नुपर्ने भनि तोकिएका सम्पूर्ण कार्य सम्पादन गर्ने ।

५. प्रदेश लगानी प्राधिकरणका तर्फबाट आर्थिक वर्ष .................... मा सम्पादन गर्न खोजिएका नव प्रवर्तनकारी कार्यहरुको कार्ययोजना तयार गरी समयवद्ध कार्यान्वयन गर्ने ।

६. प्रदेश सरकारले प्रदेश लगानी प्राधिकरणले सम्पादन गर्ने भनी समय समयमा गरेको निर्णयबाट तोकिएको समयावधी भित्र नै कार्यान्वयन गर्ने।

७. आर्थिक वर्ष ............... को वार्षिक बजेट चौमासिक विभाजन अनुसार खर्च गर्ने । विनियोजित पूँजिगत बजेट शतप्रतिशत खर्च गरी तोकिएको लक्ष्य हाँसिल गर्ने ।

८. प्रदेश लगानी प्राधिकरणमा रहेको बेरुजु तोकिएको लक्ष्य बमोजिम फछ्यौंट गर्ने र बेरुजुको अङ्कलाई बेरुजु फछ्यौंट मूल्याङ्कन तथा अनुगमन समितिले निर्धारण गरेको सीमा भित्र सिमित गर्ने।

९. प्रदेश लगानी प्राधिकरणमा वैदेशिक सहायतामा सञ्चालित कार्यक्रम/आयोजनाको सम्बन्धित विकास साझेदारीबाट शोधभर्ना लिनु पर्ने भएमा समयमा प्राप्त गर्ने ।

१०. प्रदेश लगानी प्राधिकरण तथा सम्वन्धित निकायबाट सञ्चालन भएका आयोजना, परियोजना तथा कार्यक्रमहरु एवं सेवा प्रवाहको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र लगानी प्राधिकरणलाई जानकारी गराउने ।

११. लगानी प्राधिकरणको कार्य सम्पादनसँग सम्वन्धित ऐन, नियम, निर्देशिका र कार्यविधिको प्रभावकारी कार्यान्वयन गराउने । प्रदेश लगानी प्राधिकरणसँग सम्वन्धित प्रदेश सरकारको क्षेत्रगत र विषयगत नीति कार्यान्वयन गर्ने गराउने।

१२. प्रदेश लगानी प्राधिकरणको कार्यसम्पादन किफायती/मितव्ययी ढङ्गले गराइ आर्थिक अनुशासन पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने ।

१३. प्रदेश लगानी प्राधिकरणसँग सम्वन्धित, राष्ट्रिय महत्वका, प्रदेश गौरवका विषय तथा महत्वपूर्ण अन्तर प्रादेशिक विषयहरुका सम्वन्धमा अविलम्व लगानी प्राधिकरण तथा प्रदेश सरकारका प्रमुख सचिवलाई जानकारी गराउने ।

**कार्यसम्पादन सम्झौताको कार्यान्वयन र अनुगमन व्यवस्था**

१. यो सम्झौता मिति .......... महिना ....... गते ....... देखि मिति .......... महिना ....... गते ....... सम्म बहाल रहनेछ ।

२. माथि बुँदा नं. २ र ३ को प्रयोजनको लागि प्रदेश सरकारको आर्थिक वर्ष ........... को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमको कार्ययोजना यस सम्झौताको अभिन्न अङ्गको रुपमा रहनेछ ।

३. यो सम्झौता बमोजिमको कार्य सम्पादनको अनुगमन चौमासिक रुपमा र आवश्यकतानुसार बीच बीचमा समेत हुनसक्नेछ ।

४. कार्यसम्पादनको संक्षिप्त नियमित प्रतिवेदन प्रत्येक महिनाको १० गते भित्र पेश गर्नुपर्ने छ ।

५. कार्यसम्पादन सम्झौतामा हस्ताक्षर गर्ने पदाधिकारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कनका लागि यो सम्झौता बमोजिम हासिल भएका उपलब्धिलाई आधार लिइनेछ र कार्यसम्पादन प्रगतिको आधारमा पुरस्कृत गरिने छ ।

..........................................

नामः ............................

प्रमुख कार्यकारी निर्देशक

प्रदेश लगानी प्राधिकरण, प्रदेश नं. १

विराटनगर, नेपाल ।

इति सम्वत् ............. महिना ....... गते ...... रोज .......... शुभम् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-२

(नियम २३ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित)

## सरकारलाई बुझाउनु पर्ने रोयल्टी दररेट (उर्जा क्षेत्र)

१. अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको पन्ध्र वर्षसम्म प्रति जडित किलोवाट वार्षिक एक सय रुपैयाँ र प्रति युनिट (किलो वाट घण्टा) सरदर बिक्री मूल्यको दुई प्रतिशतका दरले प्रदेश सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ ।

२. क्रम सङ्ख्या १ मा उल्लिखित अवधि पछि अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले प्रति जडित किलोवाट वार्षिक एक हजार रुपैयाँ र प्रति युनिट (किलो वाट घण्टा) सरदर बिक्री मूल्यको दश प्रतिशतका दरले प्रदेश सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ।

३. वैकल्पिक उर्जा (सौर्य शक्ति वा वायु शक्ति) को हकमा जलविद्युत परियोजनाकै सरह प्रदेश सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-३

(नियम २३ को उपनियम (२) सँग सम्बन्धित)

## प्रस्ताव पेश गर्दा बुझाउनु पर्ने सेवा शुल्क

| क्र.सं. | परियोजना लागत (रु.) | सेवा शुल्क |
|---|---|---|
| १. | ५ अर्बभन्दा कम | रु. १,००,०००।- |
| २. | ५ अर्ब देखी १० अर्बसम्म | रु. १,५०,०००।- |
| ३. | १० अर्ब देखि १५ अर्बसम्म | रु. २,००,०००।- |
| ४. | १५ अर्ब देखि २० अर्बसम्म | रु. २,५०,०००।- |
| ५. | २० अर्ब देखि ३० अर्बसम्म | रु. ३,००,०००।- |
| ६. | ३० अर्ब भन्दा माथि | रु.३,५०,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-४
(नियम २६ को उपनियम (३) सँग सम्बन्धित)

वार्ताद्वारा परियोजना प्रस्ताव पेश गर्दा बुझाउनु पर्ने सेवा शुल्क

| क्र.सं. | परियोजना लागत (रु.) | सेवा शुल्क |
|---|---|---|
| १. | १० करोडभन्दा कम | रु. १५,०००।- |
| २. | १० करोड देखी ५० करोडसम्म | रु. २५,०००।- |
| ३. | ५० करोड देखी १ अर्वसम्म | रु. ३५,०००।- |
| ४. | १ अर्ब देखि ३ अर्बसम्म | रु. ५०,०००।- |
| ५. | ३ अर्ब देखि ५ अर्बसम्म | रु. ७५,०००।- |
| ६. | ५ अर्वभन्दा बढि | रु. २,५०,०००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-५

(नियम २७ को उपनियम (२) सँग सम्बन्धित)

## समझदारीपत्रमा उल्लेख गर्नु पर्ने विषय

१. परिभाषाः

२. उद्देश्यः

३. कम्पनीको दायित्व/जिम्मेवारीः

४. कार्ययोजना तथा समय सारिणीः

५. सरोकारवाला सरकारी निकायको अधिकार तथा दायित्व/जिम्मेवारीः

६. कार्यसम्पादन बापतको जमानतः

७. सूचना आदान-प्रदानः

८. समयावधिः

९. समझदारी पत्र बहाल रहने/नरहने अवस्थाः

१०. समझदारीपत्र भङ्ग हुने अवस्थाः

११. कम्पनीको प्रतिनिधित्व/जमानीः

१२. अन्यः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

अनुसूची-६

(नियम २७ को उपनियम (३) र (१०) सँग सम्बन्धित)

## अध्ययन अनुमति तथा म्याद थप बापतको दस्तुर

**(क) जलविद्युत**

| क्र.सं. | जडान क्षमता | प्रतिवर्ष अनुमतिपत्र दस्तुर | प्रतिवर्ष अनुमतिपत्र म्याद थपको दस्तुर |
|---|---|---|---|
| १. | ५ मेगावाट देखि ५० मेगावाट सम्म | एकमुष्ट १० लाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| २. | ५० मेगावाट देखि १०० मेगावाट सम्म | एकमुष्ट २० लाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| ३. | १०० मेगावाट देखि २०० मेगावाट सम्म | एकमुष्ट ३० लाख रुपैयाँ | अनुमतिपत्र दस्तुर सरह |
| ४. | २०० मेगावाट भन्दा माथि | नेपाल सरकार लगानी बोर्डले तोकेबमोजिमको दस्तुर | अनुमतिपत्र दस्तुर सरह |

(ख) **वैकल्पिक उर्जा** (सौर्य शक्ति वा वायु शक्ति वा खनिज वा कोइला वा ग्याँस वा वायोमास वा फोहोर लगायत अन्य कुनै पदार्थ वा साधनको उपयोगबाट) उत्पादनको सर्वेक्षण अनुमितपत्रको लागि प्रति मेगावाट प्रति वर्ष १० हजार रुपैयाँ।

**(ग) अन्य पूर्वाधार**

| क्र.सं. | परियोजना लागत (रु.) | प्रतिवर्ष अनुमतिपत्र दस्तुर | प्रतिवर्ष अनुमतिपत्र म्याद थपको दस्तुर |
|---|---|---|---|
| १. | ५ अर्बभन्दा कम | रु. ३,००,०००।- | अनुमतिपत्र दस्तुर सरह |
| २. | ५ अर्ब देखि १० अर्बसम्म | रु. ५,००,०००।- | अनुमतिपत्र दस्तुर सरह |
| ३. | १० अर्ब देखि १५ अर्बसम्म | रु. १०,००,०००।- | अनुमतिपत्र दस्तुर सरह |
| ४. | १५ अर्ब देखि २० अर्बसम्म | रु. १५,००,०००।- | अनुमतिपत्र दस्तुर सरह |
| ५. | २० अर्ब देखि ३० अर्बसम्म | रु. २०,००,०००।- | अनुमतिपत्र दस्तुर सरह |
| ६. | ३० अर्ब भन्दा माथि | रु. २५,००,०००।- | अनुमतिपत्र दस्तुर सरह |

अनुसूची-७

(नियम २७ को उपनियम (७) सँग सम्बन्धित)

**<u>अध्ययन अनुमतिपत्रको ढाँचा</u>**

**विषयः <u>अध्ययन अनुमतिपत्र सम्वन्धमा</u> ।**

महाशय,

तपाईले...............परियोजना कार्यान्वयनको सम्बन्धमा अध्ययन अनुमतिका लागि दिनु भएको निवेदन सम्बन्धमा प्रदेश लगानी प्राधिकरणको मिति ........................को निर्णयानुसार सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम २७ को उपनियम (७) वमोजिम देहाय बमोजिमको अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अध्ययन अनुमति पाउने कम्पनी, व्यक्ति वा सङ्गठित संस्थाको पूरा नाम र ठेगानाः
२. परियोजनाको नामः
३. अध्ययन गरिने परियोजनाको किसिमः
४. जलविद्युत उत्पादनको लागि अध्ययन/सर्वेक्षण गरिने भए जलस्रोतको नाम वा अन्यको भए सोही अनुसारको स्रोतः
५. अध्ययन गर्ने प्रस्तावित क्षेत्रः

(क) प्रदेशः (ख) जिल्लाः

(ग) गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिकाः

(घ) चारकिल्लाः

पूर्व-----पश्चिम उत्तर-----दक्षिण

६. अध्ययनको प्रकृतिः (सरकारी तथा निजी जग्गा, यातायात पूर्वाधार तथा परिबहन, वन यस्तै प्रकारको परियोजनाको प्रकृति खुलाउने)

७. अनुमतिपत्र बहाल रहने अवधिः मिति........देखि मिति ..........सम्म

८. अन्य आवश्यक शर्तहरुः

९. अन्य नियमनकारी निकायबाट अन्य कुनै विषयमा अनुमति वा स्वीकृति लिनुपर्ने भए सोको विवरणः

| |
|---|
| कार्यालयको छाप |

अनुमतिपत्र दिने अधिकारीको.

सहीः-

मितिः-

नामः-

पदः

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३

अनुसूची-८
(नियम ३० को उपनियम (१) सँग सम्बन्धित)

## लगानी स्वीकृतिको लागि निवेदन

(नेपाली)

श्रीमान् प्रमुख कार्यकारी निर्देशकज्यू,
प्रदेश लगानी प्राधिकरण, प्रदेश नं. १,
विराटनगर, नेपाल ।

..............परियोजनाको लगानी स्वीकृतिको लागि सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम ३० को उपनियम (३) बमोजिम देहायका विवरण खुलाई यो निवेदन पेश गरेको छु ।

१. निवेदक कम्पनी, व्यक्ति वा सङ्गठित संस्थाको पूरा नाम र ठेगानाः

२. परियोजनाको किसिमः

३. लगानी गर्ने क्षेत्रः जलविद्युत/पर्यटन/यातायात पूर्वाधार/स्वास्थ्य............ (खुलाउने)

४. लगानी गर्ने प्रस्तावित स्थानः

(क) प्रदेशः

(ख) जिल्लाः

(ग) गाउँपालिका/नगरपालिका/उप- महानगरपालिका/ महानगरपालिका

(घ) चारकिल्लाः

पूर्व-----पश्चिम उत्तर-----दक्षिण

५. लगानीको प्रकृतिः

६. परियोजनाको अनुमानित लागत (स्वःपुँजी/ऋण लगानी अनुपात) रु. .......

आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १

(पुष्ट्याईं/विवरण संलग्न गर्नु पर्ने)

७. लगानी गर्ने अवधिः मिति ................ देखि........ सम्म

८. अन्य आवश्यक विवरणः

माथि उल्लिखित व्यहोरा ठीक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| |
|---|
| सङ्गठित संस्था भए छाप |

सहीः
नामः
मितिः
ठेगानाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

Schedule-8

(Related to Sub rule (1) of Rule 30)

## Application for Investment Approval

(English)

To,
The Chief Executive Director,
Province Investment Authority, Province No. 1,
Biratnagar, Nepal.

I/we hereby request you with following details in order for investment approval of ……….. Project as per Rule 30 (3) of the Public Private Cooperative Partnership and Investment Rules, 2077.

1. Full Name & Address of the Investor (Person/Company):
2. Type of Project:
3. Sector: Hydropower/Tourism/Transport Infrastructure/Health (to be explained)….
4. Proposed Area:
    a. Province:
    b. District:
    c. Rural Municipality/Municipality/Sub-etropolis/Metropolis
    d. Longitude/Latitude:
        East-----West
        North-----South
5. Type of Investment:
6. Tentative Cost Estimate (Equity/Debt ratio) NRs……. (Include its detail)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

7. Investment Duration: From………. To………
8. Any other relevant information:

The above mentioned information is true and correct, if to be false I shall be liable to punishment under law.

| Company's Seal |
| --- |

Applicants',
Signature:
Name:
Date:
Address:

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३

अनुसूची-९

(नियम ३० को उपनियम (५) सँग सम्बन्धित)

**लगानी अनुमतिपत्रको ढाँचा**

**विषयः लगानी अनुमतिपत्र सम्वन्धमा ।**

महाशय,

................परियोजनाको अध्ययन तथा विकास गर्नका लागि तपाईले दिनु भएको निवेदन सम्बन्धमा लगानी प्राधिकरणको मिति ...................... को निर्णयानुसार उक्त परियोजनामा लगानी स्वीकृति प्रदान गरेकाले देहायको विवरण खोली सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा ३ तथा सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम ३० को उपनियम (४) बमोजिम यो लगानी स्वीकृति प्रदान गरिएको छ ।

१. निवेदक कम्पनी, व्यक्ति वा सङ्गठित संस्थाको पूरा नाम र ठेगानाः

२. लगानी हुने परियोजनाको नामः

३. परियोजनाको किसिमः

४. स्वीकृत लगानी रकमः

स्वःपूँजीः ऋणः

कुल जम्माः

५. स्थानीय साझेदारः

६. लगानी गर्ने प्रस्तावित स्थानः

(क) प्रदेशः (ख) जिल्लाः

(ग) गाँउपालिका/नगरपालिका/उप-महानगरपालिका/ महानगरपालिकाः

(घ) चारकिल्लाः

पूर्व-----पश्चिम उत्तर-----दक्षिण

७. लगानीको प्रकृतिः

८. लगानी बहाल रहने अवधिः मिति............देखि मिति............सम्म

९. अन्य आवश्यक शर्तहरुः

लगानी स्वीकृति दिने अधिकारीको,

सहीः

नामः

पदः

मितिः

| कार्यालयको छाप |
|---|

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची-१०

(नियम ३३ को उपनियम (१) सँग सम्बन्धित)

**परियोजना विकास सम्झौताको ढाँचा**

१. परिभाषा तथा व्याख्याः

२. परियोजना लगानी अनुमति पत्रको प्रारम्भ हुने मिति तथा अवधिः

३. शर्तहरुः

४. परियोजना अनुगमन एकाइको व्यवस्था तथा अधिकार र जिम्मेवारीः

५. परियोजना पुनरावलोकन (विज्ञ) समूहका व्यवस्था तथा अधिकार र जिम्मेवारीः

६. परियोजना लगानीको स्रोतको व्यवस्थाः

७. परियोजना विकास-निर्माण तथा सञ्चालन व्यवस्था एवं तरिकाः

८. जग्गा प्राप्ति सम्बन्धी व्यवस्थाः

९. कर तथा अन्य छुटः

१०. प्रदेश लगानी प्राधिकरण तथा सम्बन्धित निकायको जिम्मेवारीः

११. लगानीकर्ताको जिम्मेवारीः

१२. रोयल्टी शुल्क तथा जमानत सम्बन्धी व्यवस्थाः

१३. काबु बाहिरको परिस्थितिः

१४. शर्त पुरा नभएको र सम्झौता भङ्ग हुने अवस्थाः

१५. अधिकार र हिस्सेदारी बाँडफाँडः

१६. विवाद समाधानः

१७. प्रतिनिधित्व तथा वारेण्टीः

१८. अन्यः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश (watermark)

अनुसूची-११

(नियम ३३ को उपनियम (१) सँग सम्बन्धित)

## परियोजना लगानी सम्झौताको ढाँचा

१. परिभाषा तथा व्याख्याः
२. शुल्क निर्धारणः
३. परियोजना लगानीको प्रारम्भ एवं अवधिः
४. परियोजनाले समेटेको क्षेत्रः
५. लगानीको स्वामित्वः
६. परियोजनास्थलः
७. परियोजनाको समय सीमाः
८. आर्थिक तथा अन्य सुविधाः
९. कार्यसम्पादन जमानतः
१०. प्रदेश लगानी प्राधिकरण तथा सम्बन्धित निकायको जिम्मेवारीः
११. परियोजना कम्पनीको जिम्मेवारीः
१२. काबु बाहिरको परिस्थितिः
१३. शर्त पुरा नभएको र सम्झौता भङ्ग हुने अवस्थाः
१४. विवाद समाधानः
१५. प्रतिनिधित्व तथा वारेण्टीः
१६. अन्य विषयः

आज्ञाले,
भरतमणि रिजाल
सचिव
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १